मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक १३५ ● २०८२ साल चैत्र २० गते शुक्रबार ● Friday 03, April 2026 ● सूर्योदय: बिहान ०५:५५ बजे ● सूर्यास्त: साँझ ०६:२२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## डिजेल र पेट्रोलमा १५ रुपैयाँ वृद्धि

**मधेशदृष्टि**
**वीरगंज।**
सरकारले फेरि पेट्रोलियम पदार्थको भाउ बढाएको छ । नेपाल आयल निगमले बिहीबार राति १२ बजेपछि लागू हुने गरी पेट्रोल र डिजेलमा १५–१५ रुपैयाँ वृद्धि गरिएको जनाएको छ । अब पेट्रोलको भाउ चारआली, विराटनगर, जनकपुर, अमलेखगंज, भलबारी, नेपालगंज, धनगढी र वीरगंजमा प्रतिलिटर १ सय ९९ रुपैयाँ ५० पैसा पर्नेछ । यस्तै, सुर्खेत र दाङमा २ सय १ रुपैयाँ र काठमाडौँ, पोखरा र दिपायलमा २ सय २ रुपैयाँ पर्नेछ । यस्तै, डिजेलको भाउ चारआली, विराटनगर, जनकपुर, अमलेखगंज, भलबारी, नेपालगंज, धनगढी र वीरगंजमा १ सय ७९ रुपैयाँ ५० पैसा पर्नेछ। सुर्खेत र दाङमा १ सय ८१ रुपैयाँ र काठमाडौँ, पोखरा र दिपायलमा १ सय ८२ रुपैयाँ पर्नेछ।

# तीन दशक अघिदेखि प्रदूषणको शिकार

# ‘सिर्सिया नदी’ कहिले होला प्रदूषणमुक्त ?

## उद्योगीहरुको अटेरी रोकिएन, वीरगंज महानगरपालिकाको प्रयास पनि असफल



**हरिशंकर शर्मा**
**वीरगंज।**
बाराको जितपुर सिमरा उपमहानगरपालिका – ३ स्थित रामवन झाडीबाट वीरगंज महानगरपालिका हुँदै भारतसम्म पुगेको सिर्सिया नदी विगत तीन दशक अघिदेखि प्रदूषणको शिकार बनेको छ । सिमरा स्थित रामवन झाडीमा यसको मुहान छ । परवानीपुरको दक्षिणमा कियासुत नदी यसमा मिसिन्छ । बौद्धी खोला यसमै विलय हुन्छ । तर, वीरगंज नपुग्दै यो नदी औद्योगिक प्रदूषणको चपेटामा पर्छ र प्रदूषणयुक्त पानी बग्ने सुरु हुन्छ । बारा, पर्सा क्षेत्रमा उद्योग–कारखाना बाक्लिएसँगै सिर्सिया प्रदूषित हुँदै गएको हो।

यस क्षेत्रमा साना, मझौला र ठूला गरि करिब २५ सयको हाराहारीमा उद्योगहरु छन् । प्रायः सबैले उत्सर्जित ठोस वा तरल फोहोरमैलाको उचित व्यवस्थापनमा ध्यान दिएका छैनन् । कतिपयले खुलेआम त कतिपयले नदेखिने गरि भूमिगत नालाबाट सिर्सिया नदीमा फोहोर पानी मिसाउने गरेका छन् । नदीको प्रदूषणले सिमरा, बकुलिया, लोहसन्डा, रमौली, सगरदिना, रामपुर टोकनी, छातापिपरा, नितनपुर, गम्हरगाँव, बेहरा, बलुवा, सिर्सिया, ताजपुर, भलुही, रामगढवा, परवानीपुर र वीरगंज महानगर क्षेत्रका बासिन्दा प्रत्यक्ष प्रभावित छन्।

खास गरि छाला उद्योगहरुबाट छालाका टुक्रा, ‘रौं’ का टुक्रा र फोहरयुक्त पानी सिधै नदीमा मिसाउने गरिएको छ । त्यस्तै सिमेन्ट उद्योग, साबुन उद्योगहरुले आफ्नो छाईहरु नदी किनारमै भण्डारण गर्ने गरेको छ । पानीको बहाव बढेपछि त्यो छाई नदीको पानीमा मिसिन्छ । हावा चल्दा त्यस क्षेत्रको मानव वस्तीमा प्रत्यक्ष असर पार्छ । हावा चल्दा उडेको छाईले स्वाँस प्रस्वाँसमा गम्भिर असर पार्छ । जगरनाथपुर स्थित नदी छेउमा टनै टन छाईहरु थुपारिएको छ, त्यसबाट नदीको पानी प्रदूषण भई जलचर मरि सके। जुन पानीबाट छालाको रोग निको हुन्थ्यो आज त्यही पानीबाट क्यान्सर र मुटु रोगहरु हुने गरेको छ।

नेपालको संविधानमा स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने र प्राकृतिक सम्पदा विगार्नेलाई १० वर्षसम्म कैदको पनि सजाय हुँदाहुँदै यसरी खुलेयाम सिर्सिया नदीलाई प्रदूषण गर्नेहरुलाई कसैले कारवाही गर्न सकेको छैन । फोहर पानी गन्हाउने समस्याले पनि नदी छेउछाउँमा बस्ने सर्वसाधारणहरुले नाक थुनेर बस्नुपर्ने बाध्यता छ । यस क्षेत्रकै मान्छेहरु बढि क्यान्सरबाट पीडित रहेको भरतपुर क्यान्सर अस्पतालको तथ्याँकले पनि देखाउँछ र यसको मुख्य कारण नै यहाँका उद्योगहरुबाट निस्कने फोहर हो, जसबाट सर्वसाधारणहरु क्यान्सरको सिकार बन्ने गरेका छन्। बाराको सिमरादेखि पश्चिममा पर्ने रामवनमा रहेको जंगलमा मुल रहेको सिर्सिया नदीलाई दुषित बनाउनेमा बारा, पर्साको औद्योगिक करिडोरमा रहेका साना ठूला गरि ४६ उद्योगहरु छन् । ती उद्योगहरुबाट उत्सर्जित हुने प्रदुषित रसायनयुक्त पानी र फोहोर पदार्थ प्रशोधन नगरि सिधै नदीमै उत्सर्जन हुँदै आएको छ । औद्योगिक कोरिडोरमा रहेका छाला, डिस्टीलरी, टेक्सटाइल, घ्यू, साबुन लगायतका उद्योगबाट निस्कने रसायनयुक्त पानीसँगै जीवजन्तुका सडेगलेका छाला, रौं, खरानी, लेदो लगायतका विकारहरू नदीमा मिसिइँदा दुर्गन्धित बनेको हो।

### अभियन्ताको ७ वर्षदेखिको संघर्ष पनि असफल

सिर्सिया नदीको सफाईको लागि सामाजिक अभियन्ताले दबाब पनि दिएका छन्, तर समस्या ज्यूँका त्यूँ छ । सिर्सिया नदीको फोहरयुक्त पानीबाट यस क्षेत्रका अधिकांश नागरिहरु क्यान्सरको शिकार भएकोले यसलाई रोक्न अधिवक्ता सुरेन्द्र कुर्मीको नेतृत्वमा गठित संघर्ष समितिले विगत ७ वर्षदेखि संघर्ष गर्दै आएको छ तर त्यो संघर्षको पनि कुनै परिणाम आउन सकेको छैन । उद्योगी व्यापारीहरुले गर्दै आएको मनोमानीको कारण र वीरगंज महानगरपालिकाको लाचारीपनको कारण पनि त्यो ७ वर्षको संघर्षले कुनै नतिजा दिन सकेन।

अधिवक्ता सहितको टोलीले सिर्सिया नदी सरसफाईको लागि संघर्ष मात्रै गरेनन्, अदालतमा मुद्दा समेत दिए, रोडमा धर्ना समेत बसे, घण्टाघरमा धर्ना बसे तर त्यो सबै संघर्षमा मात्रै सीमित छ । अधिवक्ता कुर्मीले स्वच्छताको लागि विगत ६ वर्ष पहिला ९ वटा उद्योग र वीरगंज महानगरपालिका विरुद्ध अदालतमा मुद्दा हालका थिए तर त्यसको प्रतिउतरमा सम्पूर्ण उद्योगहरुले आफूहरुसँग वाटर ट्रिटमेन्ट प्लान्ट रहेको भन्दै जवाफ दिएको थियो र अदालतले हकदैयाको अभावमा अदालतले आफ्नो मुद्दा खारेज गरिएको थियो।

### प्रतिवेदनको १५ वर्षमा पनि कारवाही भएन

सिर्सिया नदी अनुगमन समितिले नदी प्रदुषित बनाउने दोषीहरुको किटान गरि स्थानीय प्रशासनलाई प्रतिवेदन बुझाएको १५ वर्ष बितिसक्दा पनि कारवाही प्रक्रिया अगाडि बढ्न सकेको छैन । सिर्सिया नदी आसपासका स्थानीयले प्रदूषण रोक्न माग गर्दै घेराउ गरेपछि २०६७ सालमा जिल्ला प्रशासन कार्यालयले सिर्सिया नदी अनुगमन समिति गठन गरेको थियो । उक्त समितिले नदीको स्थलगत अनुगमन गरि तयार पारेको प्रतिवेदनमा प्रदूषणको कारण उद्योगहरु नै रहेको उल्लेख थियो । प्रतिवेदनमा नदी प्रदूषण गर्ने र अविलम्ब कारबाही गर्नुपर्ने उद्योगहरुको नामै किटान गरिएको थियो।

### महानगरको प्रयास असफल

सिर्सिया नदी सरसफाईमा वीरगंज महानगरपालिकामा दोश्रो पटक निर्वाचित राजेशमान सिंह निर्वाचित भएलगत्तै खरो रुपमा उत्रिएका थिए तर त्यो पनि समयसगै सेलायो । मेयर सिंह निर्वाचित भएदेखि महानगरको सरसफाईलाई पहिलो प्राथमिकतामा राख्दै आफ्नो कार्यभार सम्हालेको कारण पनि सिर्सिया नदी सरसफाईमा महानगर खरो रुपमा उत्रिएको थियो । तर त्यो देखावटी मात्रै भयो । सिर्सिया नदी प्रदूषणबारे गुनासाहरु उठ्न थालेपछि महानगरको टोलीले सिर्सिया नदीदेखि त्यसमा फोहर फाल्ने उद्योगहरुको अनुगमन कार्यलाई केही दिन तिब्रता दिएको छ।

सो क्रममा केही उद्योगहरुलाई कारवाही पनि गरिएको थियो तर त्यसबाट पनि सरसफाई अभियान सफल हुन सकेन । मेयर सिंहले पहिलो पटकमा फोहर फाल्ने उद्योगहरुलाई फोहर नफाल्न चेतावनी दिएका थिए । त्यस पश्चात नमानेपछि कारवाही स्वरुप २०७९ फागुन १६ गते सिर्सिया नदीमा उद्योगको छाई फाल्ने ३ वटा ट्याक्टरलाई नियन्त्रणमा लिई जरिवाना गरेका थिए । त्यस पश्चात महानगरको टोलीले श्री निधी टेक्सटाइल्स प्रा.लि., ब्रिटानीय नेपाल प्रा.लि., शक्ति दाल मिल र शक्ति वायर उद्योगको अनुगमन गरेको थियो । अनुगमनका क्रममा निधी टेक्सटायल्सले उद्योगबाट निस्केको फोहोर पानी सोझै नदीमा मिसाइदिने गरेको पाइएको थियो।

उक्त उद्योगले दैनिक डेढ लाख लिटर केमिकल सहितको फोहोर पानी उद्योगबाट सोझै सिर्सिया नदीमा मिसाउने गरेको पाइएको थियो । उद्योगले अहिलेसम्म पनि वाटर ट्रिटमेण्ट प्लाण्ट समेत नराखेको र फोहोर पानी नदीमा फाल्दै आएको पाएको थियो । महानगरपालिकाले ति उद्योगहरुलाई वाटर ट्रिटमेन्ट प्लान्ट जडान गर्न निर्देशन दिदै फोहर पानी नदीमा नमिसाउन चेतावनी समेत दियो । यतिले पनि उद्योगहरु नमानेपछि महानगरपालिकाले ५ वटा उद्योगलाई जरिवाना समेत गर्यो तर त्यसको परिणाम शुन्य रह्यो । उद्योगहरुले नदीमा फोहर फाल्ने कार्य अझैपनि रोकेका छैनन् । अहिले पनि सिर्सिया नदीको पानी कालै बगि रहेको छ । महानगरपालिका यसरी खरो रुपमा उत्रिदा पनि उद्योगीहरुले अटेरी गर्दै आएका छन्।

आम नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष खेलवाड गर्दै आई रहेका छन् । महानगरपालिका आफै स्थानीय सरकार हो, उसले आफ्नो मातहतको समस्यालाई आफै समाधान गर्न सक्नुपर्छ तर उद्योगीहरुको पकड यति ठूलो भई सक्या छ कि महानगरपालिकाको निर्देशनलाई ठाडै उल्लंघन गर्दै आई रहेका छन् । उद्योगीहरुको मनसायभई सक्या छ ‘महानगरपालिका कराई रहन्छ, हामी फोहर फालि रहन्छौं, चेतावनी दिई रहन्छ, हामी सुन्दै गर्छौं’ तर त्यसको पालना गर्दैनौं । विगत ३० वर्ष अघिदेखि जडा गाडेको समस्यालाई समाधान गर्न अर्थात सिर्सिया नदीलाई सफाई गर्न महानगरपालिकालाई ठूलै चुनौति देखिएको छ।

### प्रदूषण रोक्न प्रधानमन्त्रीलाई आग्रह

वीरगंज महानगरपालिकाले सिर्सिया नदी प्रदूषण नियन्त्रणका लागि प्रयास गर्दागर्दै असफल रहेको अवस्थामा यही २०८२ फागुन २१ गते निर्वाचमा निर्वाचित भएका पर्सा क्षेत्र नं. १ र २ का सांसदद्वय हरि पन्त र सुशिल साह कानु प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहलाई ध्यानाकर्षण गराएका छन् । वीरगंजको लाइफलाइनको रुपमा रहेको सिर्सिया नदीमा उद्योगबाट भइरहेको प्रदूषण नियन्त्रणका लागि स्थानीय निकायबाट पार नलागेपछि सांसदद्वयले प्रधानमन्त्रीलाई गुहारेका हुन् । सांसदद्वयको गुनासोलाई प्राथमिकतामा राख्दै प्रधानमन्त्री बालेन शाहले समस्या समाधानको लागि पहल गरिदिन सम्बन्धित मन्त्रालयलाई पत्राचार गर्ने प्रतिबद्धता जनाएका थिए।

## आज अर्थमन्त्री वाग्ले वीरगंज आउँदै



**मधेशदृष्टि**
**वीरगंज।**
संघीय सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्ले आज शुक्रबार वीरगंज आउने भएका छन् । अर्थ मन्त्रालयका अनुसार वाग्ले शुक्रबार बिहानको जहाजबाट सिमरा विमानस्थल पुग्ने र त्यहाँबाट विभिन्न ठाउँका अनुगमन गर्ने कार्यक्रम तय गरिएको छ।

अर्थमन्त्री वाग्लेले वीरगंजस्थित वीरगंज भन्सार कार्यालय मातहतको आइसीपी र सिर्सिया सुक्खा बन्दरगाह पुगेर अनुगमन गर्ने कार्यक्रम छ । वीरगंज क्षेत्रको व्यापारिक अवस्था, राजस्व संकलनको वर्तमान स्थिति, सेवा प्रवाहमा देखिएका समस्या तथा निजी क्षेत्रले भोगिरहेका चुनौतीबारे जानकारी लिन अर्थमन्त्री वाग्ले वीरगंज आउन लागेका हुन् । त्यसक्रममा उनले वीरगंज भन्सार कार्यालयका कर्मचारी र यहाँका उद्योगी व्यवसायीसँग भेटेर राय सुझाव लिने बताइएको छ।

## मध्यपूर्वको तनावले राजमार्ग स्तरोन्नति प्रभावित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पश्चिम एसियामा जारी द्वन्द्वका कारण अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य वृद्धि भएसँगै त्यसको प्रत्यक्ष असर नेपालमा देखिन थालेको छ । पेट्रोलियम पदार्थको मूल्यमा भएको उल्लेख्य वृद्धिले देशकै मुख्य सडक पूर्व–पश्चिम महेन्द्र राजमार्ग स्तरोन्नति कार्य प्रभावित बनेको छ ।



आइतबार एकैपटक पेट्रोलमा प्रतिलिटर २१ रुपैयाँ तथा डिजेल र मट्टितेलमा २७ रुपैयाँ वृद्धि भएपछि निर्माण लागतमा उल्लेख्य दबाब परेको निर्माणसँग सम्बद्ध पक्षले बताएका छन् । यसको असर विशेषगरी मधेश प्रदेशमा सञ्चालनमा रहेका ६ लेन र ४ लेन सडक विस्तार आयोजनामा देखिएको छ ।

इन्धन महँगिँदा बालुवा, गिट्टी, माटो लगायत निर्माण सामग्रीको ढुवानी खर्च बढेको छ । यसका कारण निर्माण कार्यको गति सुस्त भएको सरोकारवालाहरूको भनाइ छ । वि.सं. २०२६ सालमा निर्माण भएको पूर्व–पश्चिम महेन्द्र राजमार्गअन्तर्गत कमला–ढल्केबर–पथलैया खण्डको स्तरोन्नति कार्य हाल विश्व बैंकको करिब १८ अर्ब ९ करोड रुपैयाँको लगानीमा भइरहेको छ । यस आयोजनाअन्तर्गत धनुषा, महोत्तरी र सर्लाही जिल्लामा करिब साढे ११ किलोमिटर ६ लेन तथा साढे ६४ किलोमिटर ४ लेन सडक विस्तार भइरहेको छ । सडकलाई सुरक्षित र व्यवस्थित बनाउने लक्ष्यसहित सुरु गरिएको आयोजनाअन्तर्गत पुल तथा कल्भर्ट निर्माण कार्य जारी रहेको छ । कमला र बागमती नदीका पुलबाहेक ३४ मध्ये ३१ वटा पुलको फाउन्डेसन निर्माण सम्पन्न भइसकेको छ । तर १०० मध्ये अझै ३६ वटा कल्भर्ट निर्माण हुन बाँकी रहेको छ ।

यद्यपि समग्र प्रगति अपेक्षाअनुसार हुन सकेको छैन । सन् २०२५ जनवरी १ देखि सुरु भई सन् २०२७ डिसेम्बर ३१ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनामा १५ महिनाको अवधिमा करिब ३५ प्रतिशत प्रगति हुनुपर्नेमा हालसम्म १८.६९ प्रतिशत मात्र प्रगति भएको छ ।


यसबीच सडक विस्तार क्षेत्रमा रहेका रूख, बिजुलीका पोल, सुरक्षा निकायका संरचना तथा अतिक्रमित घरटहरा समयमै नहटाउँदा पनि काममा ढिलाइ भइरहेको छ । यसले निर्माण कम्पनीहरूलाई तोकिएको समयभित्र काम सम्पन्न गर्न थप चुनौती सिर्जना गरेको छ ।

उक्त आयोजना तीन खण्डमा विभाजन गरी कार्यान्वयन भइरहेको छ—कमला पुलदेखि जमुनीबास, जमुनीबासदेखि सर्लाहीको फूलजोर र फूलजोरदेखि रौतहटस्थित बागमती पुलसम्म । तीनै खण्डमा छुट्टाछुट्टै ठेक्कामार्फत निर्माण कार्य अघि बढाइएको छ ।

इन्धन मूल्यवृद्धि, ढुवानी खर्चमा वृद्धि तथा संरचनागत अवरोधका कारण राष्ट्रिय गौरवसँग जोडिएको यो आयोजना प्रभावित भएको छ । समयमै अवरोध हटाई लागत व्यवस्थापन गर्न नसके परियोजना निर्धारित समयमै सम्पन्न नहुने जोखिम बढ्दै गएको देखिन्छ ।

## ओली र लेखकलाई दुई दिन म्याद थप

**काठमाडौँ।**
जिल्ला अदालत काठमाडौँले नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता तथा पूर्वगृहमन्त्री रमेश लेखकलाई थप दुई दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।



अदालतका स्रेस्तेदार तीर्थराज भट्टराईका अनुसार अदालतले चैत १५ गते पाँच दिन म्याद थपको अनुमति दिएकामा म्याद सकिएपछि दुई दिन म्याद थप गरेको हो । यसअघि, न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको इजलासले अनुसन्धानका लागि पाँच दिन म्याद थप गरेको थियो।

सरकारी वकिलले अध्यक्ष ओली र नेता लेखकलाई १० दिन थुनामा राखेर अनुसन्धान अघि बढाउन माग गरेको थियो।

जेनजी आन्दोलनको बेला एमालेका अध्यक्ष ओली प्रधानमन्त्री र कांग्रेस नेता रमेश लेखक गृहमन्त्री थिए । आन्दोलनमा भएको दमनबारे जाँचबुझ गर्न गठित आयोगले अध्यक्ष ओली र नेता लेखकलाई फौजदारी मुद्दामा कारबाही अघि बढाउन सिफारिस गरेको थियो । सिफारिसका आधारमा पक्राउ पुर्जी जारी गरेर गत शनिबार ओली र लेखकलाई पक्राउ गरिएको थियो।

## निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोकमा आपत्ति

**काठमाडौँ।**
नेपाल पत्रकार महासङ्घले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनमा रोक लगाउने सचिवस्तरीय निर्णयमा नेपाल पत्रकार महासङ्घले आपत्ति जनाएको छ।

महासङ्घले सो निर्णय तत्काल फिर्ता लिन सरकारसँग माग पनि गरेको छ।

महासङ्घले बिहीबार विज्ञप्ति जारी गरी सरकारी सञ्चारमाध्यमबाट मात्रै सरकारी विज्ञापन सम्प्रेषण गर्ने सरकारको निर्णयबाट निजी सञ्चारमाध्यम बन्द भई श्रमजीवी पत्रकारहरूको रोजीरोटी खोसिने स्थिति उत्पन्न हुने भन्दै निर्णयप्रति आपत्ति जनाएको हो।

महासङ्घले भनेको छ, ‘कोरोना कहर र जेनजी आन्दोलनको कारण आर्थिक सङ्कट व्यहोरिरहेका निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक लगाउने सचिवस्तरीय निर्णयप्रति महासङ्घ गम्भीर असहमति र आपत्ति प्रकट गर्दछ भने यसले ‘प्रेस सेन्सरसिप’को अवस्था सिर्जना भई आवाजविहीनको आवाज बनिरहेको स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष असर पर्ने हाम्रो ठहर छ।’

सरकारले आज सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सबै सङ्घीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरूलाई समेत परिपत्र गरेको छ।



# कस्तो रह्यो प्रतिनिधिसभाको पहिलो बैठक ?

**केशव ढुङ्गाना, बालिका मादेन/रेडियो नेपाल**

काठमाडौँ । नव निर्वाचित प्रतिनिधिसभाको पहिलो अधिवेशन बिहीबारदेखि सुरु भएको छ।

संसद्का ज्येष्ठ सदस्य अर्जुन नरसिंह केसीको अध्यक्षतामा बसेको पहिलो बैठकमा संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका शीर्ष नेताहरूले सम्बोधन गरेका छन्।

बैठकमा सभाध्यक्ष अर्जुन नरसिंह केसीले राजनीतिक स्थिरता, सुशासन र विधिको शासन स्थापना गर्ने लगायत जनताको अपेक्षा पुरा गर्न नवगठित प्रतिनिधि सभा सक्षम हुने विश्वास व्यक्त गरे।

प्रतिनिधि सभाको पहिलो बैठकलाई सम्बोधन गर्नुहुँदै सभाध्यक्ष केसीले नवगठित प्रतिनिधिसभालाई जनताले ठूलो भरोसाका साथ हेरेकोले सरकार मात्र नभई शासन सञ्चालनको संस्कार र संस्कृति परिवर्तन जनताको चाहना रहेको उल्लेख गरे।

सम्बोधनका क्रममा सभाध्यक्ष केसीले लोकतन्त्रको अभ्यास गर्ने उच्चतम थलो प्रतिनिधिसभा रहेको भन्दै जनअपेक्षा अनुरुप परिवर्तनका लागि सत्तापक्ष र प्रतिपक्षबीच रचनात्मक सहकार्य आवश्यक रहेको बताए।

सभाध्यक्ष केसीले संवैधानिक संस्थाको निष्पक्षता, पारदर्शीता र विश्वसनीयता सुदृढ गर्नुपर्नेमा जोड दिँदै संसद्लाई प्रभावकारी बनाउन शिष्ट, मर्यादित र जिम्मेवार व्यवहार हुने अपेक्षा पनि राखे।

प्रतिनिधिसभाको आजको बैठकमा दलीय आधारमा सम्बोधन गर्नुहुँदै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवम् सांसद रवि लामिछानेले जनताले दिएको मतादेशको जिम्मेवारी कामबाटै पुरा गर्ने बताए । सभापति लामिछानेले आफूहरूलाई जनताले सिंहदरबार चलाउन नभई सिंहदरबार बदल्नका लागि मत दिएको र सोहीअनुसार काम सुरु गरिसकेको स्पष्ट गरे।

सभापति लामिछानेले सरकारले व्यावसायिक वातावरण बनाउने प्रतिबद्धता व्यक्त गर्नुहुँदै जातीय र लैङ्गिक आधारमा कुनै विभेद अन्त्य, ज्येष्ठ नागरिक सम्मान र बालबालिकाको शिक्षा, स्वास्थ्यका लागि विशेष ध्यान दिने बताए।

बैठकमा नेपाली कांग्रेसका सांसद भीष्मराज आङ्देम्बेले सहमति, सहकार्य र सुशासनमार्फत नागरिकमा आशा र विश्वास जगाउनुपर्नेमा जोड दिए।

सांसद आङ्देम्बेले राजनीतिक अस्थिरता र कमजोर शासनशैलीका कारण निराशा बढेको उल्लेख गर्दै भविष्यमा यस्तो अवस्था आउन नदिन दूरदर्शी नीति र स्थिर सरकार आवश्यक रहेको बताए।

यस्तै गत भदौ २३ र २४ गतेका घटनाको निष्पक्ष छानबिन गर्न र संसद् भवन, सिंहदरबार जस्ता ऐतिहासिक संरचनामा भएको क्षतिको यथार्थ सार्वजनिक गर्न पनि माग गरे।

सांसद आङ्देम्बेले काँग्रेसले जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्ने स्पष्ट पार्दै पहिलो दलका रूपमा निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी तथा प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरे।

नेकपा एमालेको संसदीय दलका नेता रामबहादुर थापाले जेन्जी आन्दोलनका क्रममा गत भदौ २३ र २४ मा भएको सार्वजनिक सम्पत्तिको क्षति, भौतिक संरचना तोडफोड एवं आगलागीका घटनाको निष्पक्ष छानबिन माग गरे।

प्रतिनिधिसभाको पहिलो अधिवेशनको पहिलो बैठकमा उनले छानबिनको माग गर्नुहुँदै आन्दोलनका क्रममा भएका हिंसात्मक गतिविधि सुनियोजित रूपमा भएको आरोप समेत लगाए।

नेपाली कम्युनिष्ट पार्टी नेकपा सांसद वर्षमान पुनले आफ्नो पार्टीले सदनमा आलोचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताए।

प्रतिनिधिसभाको पहिलो अधिवेशन प्रारम्भको अवसरमा आज दलीय आधारमा मन्तव्य राख्दै सांसद पुनले देश र जनताको पक्षमा आफ्नो पार्टीले सरकारलाई रचनात्मक सहयोग गर्ने प्रतिबद्धता जनाए।

सांसद पुनले आफ्नो पार्टी लोकतान्त्रिक आचरण, व्यवहार र पद्धतिमा विश्वास राख्ने उल्लेख गर्दै नवयुवा पुस्ताले उठाएका विषयलाई सम्बोधन गर्नेतर्फ सरकारको ध्यान जानुपर्नेमा जोड दिए । बैठकमा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ राईले प्राकृतिक स्रोतसाधनको सदुपयोग गर्न पाउने गरी सहज नियम बनाउनुपर्नेमा जोड दिए।

अध्यक्ष राईले जनचाहनाबमोजिम मुलुकमा सुशासन कायम गर्दै शिक्षालाई उत्पादनसँग जोड्नुपर्ने, एक पालिकामा एक उद्योग, एक घर–एक रोजगारी, बन्द भएका उद्योग सञ्चालन गर्नुपर्ने र नयाँ उद्योग खोल्नुपर्नेमा जोड दिए । अध्यक्ष राईले गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका कार्यक्रममा आन्दोलन भड्काउने र दमन गर्ने दोषी पक्षलाई छानबिन गरी कारबाही गर्नुपर्ने माग गरे।

राष्ट्रिय प्रजातन्त्र पार्टी सांसद ज्ञानबहादुर शाहीले सरकारलाई जनताप्रति उत्तरदायी बन्न र विधिको शासन प्रभावकारी रूपमा लागू गर्न आग्रह गरे।

सांसद शाहीले भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा भएका घटनाको सत्यतथ्य छानबिन गर्नुपर्ने र निर्मला पन्त र इनिशा विकजस्ता घटनाका पीडितले समयमै न्याय पाउनुपर्नेमा जोड दिए।

सांसद शाहीले आधुनिक पूर्वाधार विकासका कार्यक्रम लागू भइरहे पनि कर्णाली प्रदेशमा अपेक्षित विकास पुग्न नसकेकाले सरकारलाई आफ्नो दायित्व पूरा गर्न आग्रह गरे।

यस्तै स्वतन्त्र सांसद महावीर पुनले विश्वविद्यालयलाई राजनीतिबाट मुक्त बनाउनुपर्ने बताए।

सांसद पुनले हाल सञ्चालनमा रहेका १८ वटा विश्वविद्यालयलाई राजनीतिक प्रभावबाट टाढा राख्दै शैक्षिक गुणस्तर सुधारमा केन्द्रित गर्नुपर्ने आवश्यकता औँल्याए।

सांसद पुनले नेपालमा विज्ञान तथा प्रविधिको प्रवर्द्धनलाई प्राथमिकता दिएर युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिनुहुँदै विद्यालय शिक्षामा देखिएका विभिन्न विकृतिलाई सुधार गर्न शिक्षा नियमावलीमा परिवर्तन आवश्यक रहेको उल्लेख गरे।

बैठकमा गृहमन्त्री सुधन गुरुङले तीन अध्यादेश पेस गरे।

सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा दलीय आधारमा सदस्यहरूले मन्तव्य राखिसकेपछिको नियमित कार्यसूचीअन्तर्गत मन्त्री गुरुङले नागरिकता सम्बन्धी पहिलो संशोधन अध्यादेश २०८२, प्रतिनिधिसभा सदस्य निर्वाचन पहिलो संशोधन अध्यादेश, २०८२ र नेपाल विशेष सेवा तेस्रो संशोधन अध्यादेश, २०८२ पेस गरे।

यस्तै बैठकमा गृहमन्त्री गुरुङले राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतबाट गृह मन्त्रालयअन्तर्गत राख्न नेपाल विशेष सेवा तेस्रो संशोधन अध्यादेश जारी भएको जानकारी गराए।

बैठकमा संविधानसभाका सदस्य एवं पूर्वसदस्यहरू ऋषिकेश गौतम, मोहम्मद अफ्ताव आलम, कृष्णकुमारी श्रेष्ठ, आमोदप्रसाद उपाध्याय, होमनाथ दाहाल र संविधानसभा तथा राष्ट्रियसभाका सदस्य बलदेव बोहराको विभिन्न समयमा भएको निधनप्रति शोक प्रस्ताव पारित गरिएको छ । प्रतिनिधिसभाको अर्को बैठक चैत २२ गते आइतबार बिहान ११ बजे बस्नेछ।

# आर्थिक गणना वैशाख २ देखि

**सिरहा।**

सिरहामा आगामी वैशाख २ गतेदेखि आर्थिक गणना हुने भएको छ । जिल्ला तथ्याङ्क कार्यालयले बुधबार आयोजना गरेको जिल्लास्तरीय सचेतना गोष्ठीमार्फत गणनाको तयारी र कार्यतालिकाबारे जानकारी दिएको हो।

प्रमुख तथ्याङ्क अधिकृत विमल यादवका अनुसार यो गणना आगामी असार ७ गतेसम्म सञ्चालन हुनेछ । आर्थिक विकासको वस्तुगत अवस्था चित्रण गर्ने उद्देश्यले देशभरि नै सञ्चालन हुन लागेको यो कार्यक्रमअन्तर्गत जिल्लाभर रहेका आर्थिक गतिविधिसँग सम्बन्धित सम्पूर्ण एकाइ, प्रतिष्ठान तथा व्यवसायको विस्तृत विवरण सङ्कलन गरिनेछ।

गणनाका क्रममा ढुङ्गा, बालुवा तथा खनिज उत्खनन, लघु तथा ठूला उद्योग, निर्माण, विद्युत् उत्पादन तथा वितरण, खानेपानी तथा सिँचाइ, फोहर व्यवस्थापन, होटल तथा लज, यातायात, सूचना तथा सञ्चार, थोक तथा खुद्रा व्यापार, बैंक तथा वित्तीय संस्था, घरजग्गा कारोबार, शैक्षिक तथा स्वास्थ्य संस्था गरी १८ प्रकारका प्रमुख आर्थिक क्रियाकलापलाई समेटिने अधिकृत यादवले जानकारी दिएका छन्। जिल्लाभर ६० जना गणक परिचाल गरिने जनाइएको छ। रासस

# ‘सार्वजनिक यातायात सुधारमा जोड दिनुपर्छ’

**काठमाडौँ।**

गतिशील लोकतान्त्रिक पार्टीले सरकारले आम नागरिकले प्रयोग गर्ने सार्वजनिक यातायात सुधारमा जोड दिनुपर्ने धारणा राखेको छ।

अध्यक्ष दिनेश प्रसाईँले बिहीबार विज्ञप्तिमार्फत सरकारले सार्वजनिक गरेको १०० बुँदे शासकीय सुधारसम्बन्धी कार्यसूचीप्रति आफ्नो पार्टी धारणा सार्जनिक गर्दै प्रत्येक वर्ष १० हजारभन्दा बढी नागरिकको सडक दुर्घटनामा ज्यान गुमाउने गरेको उल्लेख गर्दै सडकको सुधार र सुरक्षाजस्ता विषयलाई सरकारले प्राथमिकता दिनुपर्ने जनाएको छ।

‘सङ्घीयतालाई मजबुत बनाउने तथा त्यसका लागि आवश्यक पर्ने कानुनहरू बनाउने कुरा नसमेटिनु (१०० बुँदाको २० पृष्ठ लामो दस्तावेजमा सङ्घीयता शब्द छैन)ले प्रधानमन्त्रीले चुनावी भाषणमा बोलेका कुरा सार्वजनिक खपतका लागि लागि मात्रै बोलेको हो कि भन्ने आशङ्का गर्ने ठाउँ छ, प्रहरी ऐनसम्बन्धी विधेयक बनाउने कुरा पनि नअट्नु राम्रो सङ्केत होइन, प्रदेश संरचनालाई छरितो र प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन जस्तै प्रदेश सरकार सञ्चालन ऐनको विधेयक पनि आउनु उपयुक्त हुन्छ,’ विज्ञप्तिमा उल्लेख छ।

दलितलगायतका पछाडि परेका–पारिएका समुदायहरूसँग माफी माग्ने कुरा सकारात्मक भए पनि सरकारले ल्याउने सुधारात्मक कार्यक्रमहरू सारभूत हुनुपर्नेमा गतिशील लोकतान्त्रिक पार्टीले जोड दिएको । त्यसैगरी, सङ्घीय तहमा आवश्यकताभन्दा करिब १०० प्रतिशत अधिक कर्मचारी रहेका भनी राष्ट्रियसभाको सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमनसम्बन्धी विशेष समितिको प्रतिवेदनमा उल्लेख भएबमोजिमको काम गर्नु सरकारको प्राथमिकतामा पर्नुपर्ने सो पार्टीको धारणा छ।

विज्ञप्तिमा भनिएको छ, ‘स्वास्थ्य क्षेत्रमा सेवाग्राहीलाई केही सामान्य सुविधाहरू दिन खोजिएको जस्तो देखिए पनि स्वास्थ्य बिमाजस्तो समस्यामा रहेको कार्यक्रमका बारेमा केही पनि उल्लेख नहुनु सरकार यो समस्या हल गर्न गम्भीर नभएको जस्तो प्रतीत हुन्छ, शिक्षा क्षेत्रमा पनि सामान्य सुधारबाहेक अन्य कुरालाई प्राथमिकतामा नराखेको देखियो, विद्यालय शिक्षा विधेयक ल्याउने बारेमा सरकारी प्रतिबद्धता नआउनुले त्यो पनि सरकारको प्राथमिकतामा नपरेको जस्तो देखिन्छ।’ रासस


## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

### बिरगंज,१५पर्सा

### डांक बढाबढद्वारा लिलामी बिक्रीको सुचना

**प्रकाशित मिति :- २०८२/१२/२०**

**टेलिफोन नं.:-०५१५९१५३४,Gmail:-kohinoorsahakari@gmail.com**

दिन भित्रमा साँवा रकमर सो चुक्ता गर्नु भन्दा अघिल्लो दिनसम्मको सम्पूर्ण ब्याज समेत चुक्ता गर्न आउनु हुन सम्बन्धित ऋणीलाई र व्यक्तिगत वा धितो जमानी दिनुहुने व्यक्तिहरुलाई समेत आह्वान गरिन्छ । उल्लेखित ३५ दिनभित्र कर्जा चुक्ता नभएमा ३६औ दिन धितो सुरक्षणमा रहेको चल/अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा निम्न मितिमा सार्वजनिक डांक बढाबढद्वारा लिलाम बिक्रि गरिनेहुँदा लिलाममा डांक बढाबढ गरिलिन इच्छुक महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । साथै उपरोक्तानुसार डांक बढाबढद्वारा लिलाम बिक्रि हुन नसकेमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पति संस्थालाई उपयुक्त लागेमा संस्था आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्ष्ण बिवरण |
|---|---|---|
| १. | ऋणी : मैमुल खातुन/समिनमिया<br>पति/पत्नीः दिल महमदमिया/मोबिना खातुन<br>बुवाः सरिफ मिया/दिल महमदमिया<br>ससुरा/बाजे : नथुनीमिया/सुकन मिया<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री नथुनीमियाँ/सुकन मियाको बुहारी/नाती दिलमहमद मियाको श्रीमति/ छोरामै मुलखातुन/समिनमिया पर्सा जिल्ला वीरगंज वडा नं. ०३ बस्ने ना.प्रा.नं. १६३०२०२४,११४१/१६०३१८८६४ मिति २०४५/०१/०९ ,२०४५/०१/०८ पर्सा वर्ष ७३,५४ को मैमुल खातुन/समिनमिया को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला वीरगंज वडा नं. ०३ स्थितकोकिता नं. २४० को जग्गाको क्षेत्रफल ०००८८.८२ को घर जग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : फुलझरिय कोइरीन<br>पतिः सत्यनारायण महतो कोइरी<br>बुवा : नरसिंह महतो<br>ससुराः सुनरमन महतो कोइरी<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री सुनरमन महतो कोइरीको बुहारी सत्यनारायण महतो कोइरी को श्रीमति फुलझरिय कोइरीन पर्सा जिल्ला भौराटार वडा नं. ३ बस्ने ना.प्रा.न १३५२०४५१ मिति २०३५/०३/०७ पर्सा बर्ष ८३ को फुलझरिय कोइरीन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला भौराटार वडा नं. २ स्थितका किता नं. ६५९ को जग्गाको क्षेत्रफल०-७-१२-८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : गितादेवी<br>पति : भोलामहतो<br>बुवा : कैलाशमहतो धानुक<br>ससुरा : लखनमहतो धानुक<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री लखन महतो धानुकको बुहारी भोला महतोको श्रीमतिगिता देवीपर्सा जिल्लाबहुअरी पिडरी वडा नं. १ बस्ने ना.प्रा.न ३४३००८/२२२मिति २०६४/०१/११ पर्सा बर्ष ४६ को गिता देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला पचरुखी वडा नं. ६ स्थितका किता नं. ५७६को जग्गाको क्षेत्रफल०-५-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामाकुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : संगिता यादव<br>पति : जितेन्द्र प्रसाद यादव<br>बुवा : सुदर्शन प्रसाद यादव<br>ससुरा : अनिरुद प्रसाद यादव<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री अनीरुद प्रसाद यादवको बुहारी जितेन्द्र प्रसाद यादवको श्रीमति संगिता यादव पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. ०७ बस्ने ना.प्रा.नं. ३४-०१-७२-००६७२ मिति २०७२/०१/२९ पर्सा वर्ष ३१ को संगिता यादवको नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला भौराटार वडा नं. ०९ स्थितकोकिता नं. ३८९ को जग्गाको क्षेत्रफल ०-३-१० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ५. | ऋणी : अनिरुद प्रसादयादव<br>पत्नी : सारदा देवी<br>बुवा : दुर्गा राउत<br>बाजे : उमापति राउत<br>**कर्जा शिर्षक : व्यपार कर्जा** | श्री उमापति राउत को नातीदुर्गा राउत को छोरा अनिरुद प्रसाद यादव पर्सा जिल्ला बहुअरी पिडरीवडा नं.०७ बस्ने ना.प्रा. नं. ०५१८१०२७मिति २०४०/०६/०३ पर्सा वर्ष ७२ को अनिरुद प्रसाद यादव को नाममा एकलौटी दर्ता कायमभएको पर्सा जिल्ला बहुअरी पिडरी नं. ०७ स्थितको किता नं. २५ को जग्गाको क्षेत्रफल ०-०-१५-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

**लिलामीशर्तहरु :-**

१) लिलामीमा सबैभन्दा बढी बोलकवोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा बैंक जमानत धरौटी वापत त्यसै दिन यस संस्थामा बुझाउनु पर्नेछ ।
२) डांक बढाबढ गर्दा सबैभन्दा बढी कबोल गर्ने व्यक्तिलाई सम्पतिदिने वा नदिने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।
३) लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम सदर भएको सूचना पाएको १५ दिन भित्र बाँकी रकम बुझाई सम्पति बुझी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत जफत हुनेछ । लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन् ।
४) तपशिलमा उल्लेखित कर्जाहरुको लिलामी कार्य यो सूचना प्रकाशित भएको ३६औ दिन अर्थात मिति २०८३/०१/२५ का दिन यस संस्थामा दिनको २:०० बजे देखि ३:०० बजे सम्म यस संस्थाको कार्यालयमा हुनेछ । तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा संस्था विदा परेमा सोको लगतै संस्था खुलेको दिन सोही समयमा लिलाम कार्य हुनेछ ।
५) लिलाम बिक्रि हुने सम्पति हेर्न चाहाने वा लिलाम बिक्रि हुने सम्पति वापत ऋणीले तिर्न बुझाउन बाँकी रहेको रकमबारे जानकारी लिन चाहने व्यक्तिले यस संस्थाको कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जानकारी लिन सकिनेछ ।
६) डांक बढाबढको सुरुवात अचल सम्पतिको न्युनतम मूल्यबाट शुरु गरिने छ ।
७) डांक बढाबढको कार्य यस संस्थाको कार्यालयमा हुनेछ ।

**पुनश्चः धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र व्यापारिक कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुनपुन : अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रिको कार्य हुने भएकोले उक्तदिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लेखित धितो सम्पति लिलाम बिक्रि गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मुल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्रि भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा संस्था सकार गरिलियो भनि कहिकतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्रि गदा पुर्न मुल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्था सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्री सम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गरिएको छ ।




# मधेशमा कुष्ठ रोगबारे अन्धविश्वास कायमः जनचेतनाको अभावले नियन्त्रणमा चुनौती



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेस प्रदेशमा कुष्ठ रोगलाई अझैपनि कुकर्मको परिणाम वा दैवी श्रापका रूपमा हेर्ने पुरानो सोच हट्न नसकेको सरोकारवालाहरूले बताएका छन् । द लेप्रोस्कोपी नेपालले वीरगंजमा आयोजना गरेको कुष्ठरोगसम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागीहरूले समाजमा व्याप्त यस्ता भ्रमका कारण रोग नियन्त्रणमा चुनौती थपिएको औंल्याएका हुन् । कार्यक्रममा संस्थाका मधेश प्रदेश प्रोजेक्ट म्यानेजर अमजद अली मिकरानीले मधेसी समुदायमा कुष्ठ रोगबारे सही धारणा विकास हुन नसकेको बताए ।

उनका अनुसार अझै पनि धेरैले यो रोगलाई पाप, श्राप वा देवी–देवतासँग जोडेर हेर्ने गरेका छन्, जसका कारण संक्रमितहरू रोग लुकाउन बाध्य हुने अवस्था छ । मिकरानीले यस्तो सोचका कारण कुष्ठ रोगीहरू घरपरिवार र समाजबाट विभेद र घृणाको व्यवहार भोग्नुपरेको उल्लेख गरे । उनले शिक्षित परिवारभित्रसमेत लोकलाजका कारण रोग लुकाएर राख्ने र उपचार नगर्ने प्रवृत्ति देखिएको बताए । समाजमा अझै पनि कुष्ठ रोग निको नहुने, अत्यधिक सर्ने वा विभिन्न अन्धविश्वाससँग जोडिएको गलत धारणा कायम रहेको उनको भनाइ छ ।

उनले कुष्ठ रोग कुनै दैवी शक्तिको प्रभाव नभई 'माइकोब्याक्टेरियम लेप्रे' नामक जीवाणुबाट सर्ने रोग भएको स्पष्ट पार्दै समयमै उपचार गरेमा पूर्ण रूपमा निको हुन सक्ने सन्देश समुदायमा फैलाउनुपर्नेमा जोड दिए । अभिमुखीकरण कार्यक्रममा सहभागी हिन्दु, मुस्लिम र क्रिश्चियन धर्मका अगुवाहरूले पनि आफ्ना समुदायमा रहेको गलत धारणा हटाउन सक्रिय भूमिका खेल्ने प्रतिबद्धता जनाएका छन् ।

हिन्दु धर्मका प्रतिनिधि अमोद पाण्डेले कुष्ठ रोगलाई पाप वा श्रापका रूपमा नलिई सामान्य रोगकै रूपमा बुझाउन आवश्यक रहेको बताए । त्यस्तै, वीरगंजस्थित चर्चका प्रतिनिधि नीरज आचार्यले आफ्नो समुदायमा कुनै प्रकारको विभेद हुन नदिने प्रतिबद्धता व्यक्त गरे । मुस्लिम समुदायकी प्रतिनिधि सबाना खातुनले पनि सही जानकारीको अभावका कारण गलत धारणा फैलिएको उल्लेख गर्दै जनचेतना अभिवृद्धि आवश्यक रहेको बताइन् ।

**पर्सामा कुष्ठ रोगको अवस्था**

चालु आर्थिक वर्ष २०८२–८३ को फागुनसम्म पर्सा जिल्लामा ४४ जना नयाँ कुष्ठ रोगी फेला परेका छन् । मिकरानीका अनुसार सबैभन्दा धेरै वीरगंज महानगरपालिकामा १७ जना संक्रमित भेटिएका छन् भने ठोरी, कालिकामाई र धोबिनी गाउँपालिकामा नयाँ बिरामी फेला परेका छैनन् ।

यस्तै छिपहरमाई, बिन्दवासिनी र पकहाँ मैनपुरमा ५–५ जना, पोखरिया र जगरनाथपुरमा ४–४ जना, जिराभवानी र बहुदरमाईमा २–२ जना तथा पर्सागढी र पटेर्वा सुगौलीमा १–१ जना नयाँ संक्रमित भेटिएका छन् । गत आर्थिक वर्ष २०८१–८२ मा भने जिल्लाका १४ वटै पालिकामा गरी १०९ जना कुष्ठ रोगी पहिचान भएका थिए ।मिकरानीले कुष्ठ रोग नियन्त्रणका लागि सञ्चालन गरिएका कार्यक्रमहरूमा स्थानीय तहबाट अपेक्षित सहयोग नपाएको गुनासो पनि गरे । जनचेतनामूलक कार्यक्रमका लागि बजेट अभाव देखाउँदै पालिकाहरूले सहयोग नगर्दा अभियान प्रभावकारी बनाउन कठिनाइ भएको उनले बताए ।

# एसईई परीक्षामा पर्साबाट १० हजार ७०३ विद्यार्थी सहभागी

## यस वर्षको उत्तरपुस्तिका परीक्षणका लागि अन्य जिल्ला नपठाइने

**मधेशदृष्टि**
**वीरगंज ।**
यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) बिहीबारबाट सुरु भएको छ । पहिलो दिन विद्यार्थीले अनिवार्य अंग्रेजी विषयको परिक्षा दिएकाछन् । चैत १९ गते देखि सुरु भएको एसइइ परिक्षा चैत २९ गते सकिने कार्यतालिका छ । यस वर्ष परीक्षा सम्पन्न भएको बढीमा तीन दिनभित्र कपी जाँच गरिसक्ने योजना छ ।

यसैगरी 'मार्कस्लिप प्रिन्ट' गरी 'ट्याब'मा चढाई खाममा 'सिलबन्दी' गरी गोप्य र सुरक्षित रूपमा शिक्षा विकास तथा समन्वय एकाइमा तीन दिनभित्र बुझाउनुपर्ने नयाँ व्यवस्था गरिएको छ । उत्तरपुस्तिका परीक्षक र संपरीक्षकलाई परीक्षण केन्द्रमा नै रहेर परीक्षण गर्न भनिएको छ । यस वर्ष एसइई परीक्षाको सामूहिक अनुगमनमा पनि रोक लगाएको छ ।



परीक्षा केन्द्र अनुगमनका नाममा विभिन्न सङ्घसङ्गठनका प्रतिनिधि हलमा प्रवेश गर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको गुनासो आएपछि सामूहिक अनुगमनमा रोक लगाइएको हो । अनुगमनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गरिएको छ । सोही समितिले मात्रै परिक्षाको अनुगमन गर्ने व्यवस्था गरिएको छ ।

यसबर्ष पर्सा जिल्लाबाट १० हजार ७०३ जना विद्यार्थी परिक्षामा सहभागी छन् । पर्सा जिल्लाका ७० वटा सामुदायिक र ८३ वटा संस्थागत समेत १५३ वटा विद्यालयबाट कुल १० हजार ७०३ जना विद्यार्थी परीक्षामा सहभागी भएको शिक्षा विकास तथा समन्वय इकाइ पर्साले जनाएको छ ।

यसैबिच माध्यमिक शिक्षा परीक्षा (एसईई) को उत्तरपुस्तिका परीक्षण सुरु भएको खबर प्राप्त भएको छ । बिहीबारदेखि सुरु भएको एसईईको उत्तरपुस्तिका परीक्षण सुरु गरिएको परीक्षा नियन्त्रक टुकराज अधिकारीले बताए । बिहान ८ बजेदेखि ११ बजेसम्म परीक्षा सञ्चालन भएको थियो । पहिलो दिन अंग्रेजी विषयको परीक्षा भएको हो । शान्तिपूर्णरुपमा परीक्षा सकिएपछि उत्तरपुस्तिका परीक्षण सुरु भएको हो ।

**यस वर्षको उत्तरपुस्तिका अन्य जिल्लामा नपठाइने**

संघीय सरकारको निर्देशन अनुसार पर्सा जिल्लामा यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) को उत्तरपुस्तिका अब बाहिर जिल्लामा नपठाइने भएको छ ।

सरकारले परीक्षा सकिएको एक महिनाभित्रै नतिजा सार्वजनिक गर्ने लक्ष्य लिएको छ । सो अनुसार उत्तर पुस्तिका परिक्षणका लागि जिल्ला बाहिर नपठाउने भएको हो । शिक्षा विकास तथा समन्वय इकाइ समिति पर्साका इकाइ प्रमुख मोतीप्रसाद भट्टराइका अनुसार उत्तर पुस्तिका जाँच्न परीक्षण केन्द्रका रूपमा पर्सामा चारवटा केन्द्र तय भएको छ । जसमा नृसिंह मावि, सिद्धार्थ मावि, श्री नेरामवि श्रीपुर र त्रिजुद्ध मावि चयन रहेका छन् । परीक्षा सम्पन्न भएलगत्तै उत्तरकापी यही चारवटा परीक्षण केन्द्रमा पठाइने बताइएको छ ।

त्यसपछि छनौट भएका विषयगत शिक्षकले उक्त उत्तरपुस्तिकाको जाँच गर्ने व्यवस्था मिलाइएको छ ।

प्रत्येक विषयका लागि ५५ जना विषयगत शिक्षक छनोट गरिएको इकाई प्रमुख भट्टराइले जानकारी गराएका छन् । छनोट गरिएका शिक्षकहरुले तीन दिनभित्र कपी जाँच सक्नुपर्ने व्यवस्था गरिएको छ ।

स्थानीयस्तरमै कपी परीक्षण गर्ने नयाँ मोडेलले समय बचत हुनुका साथै नतिजा छिटो सार्वजनिक गर्न सहज हुने विश्वास गरिएको छ । उत्तरपुस्तिका जाँच गर्ने शिक्षकको मोबाइल भने बाहिर राख्ने र कसैसंग सम्पर्कमा बस्न नदिने कडा नीति लिइएको शिक्षा विकास तथा समन्वय इकाइ समितिले जनाएको छ ।

# आवराहामा निःशुल्क आँखा शिविर

## १२९ जनाको परीक्षण, २९ जनामा मोतियाबिन्दु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिका–६ आवराहास्थित धर्मशालामा निःशुल्क आँखा परीक्षण शिविर सम्पन्न भएको छ । रोटरी क्लब हेटौंडाको आयोजना र सामुदायिक आँखा अस्पताल हेटौंडाको प्राविधिक सहयोगमा सञ्चालन गरिएको उक्त शिविरबाट १२९ जना स्थानीय बासिन्दा लाभान्वित भएका छन् । युवा नेता बृजेश्वर प्रसाद चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमोद सहनी प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए ।

त्यस्तै, सेनालाल पटेल र समाजसेवी सुशील चौरसिया विशिष्ट अतिथिका रूपमा उपस्थित रहेका थिए । कार्यक्रममा रोटरी क्लबका अध्यक्ष प्रमेश प्रधान, कोषाध्यक्ष विकास श्रेष्ठ, नेत्र अधिकृत पूर्णिमा गुरुङ, वरिष्ठ नेत्र सहायक चन्द्रकान्ता चौधरी, आइ हेल्थ वर्कर जनक अवस्थी तथा शर्मिला बज्रगाईं लगायत स्थानीय सरोकारवालाको उल्लेखनीय सहभागिता देखिएको थियो ।

शिविरका क्रममा १२९ जनाको आँखाको जाँच गरिएकोमा २९ जनामा मोतियाबिन्दु पुष्टि भएको छ भने ३६ जनालाई निःशुल्क औषधि वितरण गरिएको आयोजकले जानकारी दिएको छ । मोतियाबिन्दु पहिचान भएका बिरामीहरूलाई शुक्रबार हेटौंडा लगिने, शनिबार शल्यक्रिया गरिने र आइतबार पुनः आवराहा फर्काइने कार्यतालिका तय गरिएको छ ।

कार्यक्रम सफल बनाउन सहयोग पु¥याउने सम्पूर्ण रोटरी क्लब परिवारप्रति अध्यक्ष चौधरीले आभार व्यक्त गरेका छन् ।

# कुमारी बैंकको २५औँ वार्षिकोत्सवमा रक्तदान



**मधेशदृष्टि**
**वीरगंज ।**
कुमारी बैंक लिमिटेडले आफ्नो २५औँ वार्षिकोत्सवलाई सामाजिक सेवासँग जोड्दै मधेश प्रदेशका वीरगंज र जनकपुरमा रक्तदान कार्यक्रम आयोजना गरेको छ । सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन गरिएको उक्त कार्यक्रममा सहभागीहरूको उत्साहजनक उपस्थिति देखिएको थियो ।

बैंकका मधेश प्रदेशका सञ्चालक अधिकृत रञ्जित कुमार यादवका अनुसार वीरगंजमा ५७ जना र जनकपुरमा ३१ जना गरी कुल ८८ जनाले रक्तदान गरेका छन् । उनले यस्तो पहलले आपतकालीन अवस्थामा रगतको अभाव कम गर्न उल्लेखनीय सहयोग पुग्ने विश्वास व्यक्त गरे । यसैगरी, मधेश प्रदेश प्रमुख अङ्कित पाण्डेले वार्षिकोत्सवलाई औपचारिकतामा सीमित नराखी सामाजिक उत्तरदायित्वसँग जोड्दै सातै प्रदेशमा रक्तदानसहित विविध कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए । उनका अनुसार यस्ता गतिविधिले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने काम गर्छ ।

वीरगंजमा सम्पन्न कार्यक्रममा रक्तसञ्चार केन्द्र पर्साका प्रमुख सौरभ राज पाण्डेको नेतृत्वमा प्राविधिक टोलीले आवश्यक सहजीकरण गरेको थियो । कार्यक्रमलाई सफल बनाउन बैंकका कर्मचारी, बीमा क्षेत्रका प्रतिनिधि तथा विभिन्न संघ–संस्थाका सदस्यहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

# आमसञ्चार प्रवर्द्धन तथा नियमन समितिले पुर्णता पायो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको आमसञ्चार प्रवद्र्धन तथा नियमन समितिले पूर्णता पाएको छ । यसअघि नै पत्रकार शत्रुघ्न नेपाल समितिको संयोजकमा नियुक्त भइसकेको छ । बिहीबार थप ११ जना सदस्य मनोनयन भएसँगै समितिले पूर्णता पाएको हो ।

विहीवार आयोजित कार्यक्रमबीच महानगरका मेयर राजेशमान सिंहले नवमनोनित सदस्यहरूलाई मनोनयन पत्र हस्तान्तरण गर्दै समितिको पूर्णताले महानगरको सूचना प्रणाली अझ सुदृढ र व्यवस्थित हुने विश्वास व्यक्त गरे ।

समितिका मनोनित सदस्यहरूमा मनोज पटेल, क्रान्ति साह, अमित साह, लक्ष्मी खरेल, जितेन्द्र साह, कन्हैया प्रसाद गुप्ता, विरेन्द्र कुमार साह, निरज पिठाकोटे मगर, ग्यासु मियाँ देवान, अर्जुन प्रसाद गुप्ता र छेदी राम रहेका छन् ।

समितिको मुख्य दायित्व महानगरपालिका र सञ्चारमाध्यमबीचको सम्बन्धलाई थप सुदृढ बनाउँदै प्रभावकारी समन्वय कायम गर्नु, सूचना प्रवाहलाई पारदर्शी, सहज र समयमै जनतासम्म पुऱ्याउनु तथा आमसञ्चार क्षेत्रसँग सम्बन्धित नीति, नियमन र सुधारका विषयमा आवश्यक सुझाव प्रदान गर्नु रहेको छ ।

# मित्तेरी पुल क्षेत्रमा वृहत्त वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका, ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र, सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगर, सशस्त्र प्रहरी ४७ औं बटालियन रक्सौल तथा सशस्त्र प्रहरी बल नेपालको संयुक्त आयोजनामा मितेरी पुल आसपास क्षेत्रमा बृहत् वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ ।

बिहीबार विहान आयोजित कार्यक्रमको अवसरमा सो क्षेत्रको सरसफाइ एवं यस अघि रोपिएका बिरुवाहरूको निरीक्षण समेत गरिएको थियो ।

पर्यावरण संरक्षण, हरियाली विस्तार र सहरको सौन्दर्य अभिवृद्धि गर्ने उद्देश्यले आयोजित कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरूको सक्रिय सहभागिता थियो ।

ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतानको सभापतित्वमा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि पर्साका प्रहरी प्रमुख, प्रहरी उपरिक्षक राजु कार्की, विशिष्ट अतिथी प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेत, सशस्त्र प्रहरी भन्सार गुल्मका गुल्मपति डिएसपी विकास अधिकारी लगयात रहेका थिए ।

आगामी दिनमा पनि यस किसिमको कार्यक्रमलाई निरन्तरता दिने आयोजकहरूले प्रतिबद्धता जनाएका छन् ।

# रवि लामिछानेलाई वारेश राख्न अदालतको अनुमति



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्ला अदालतले ठगी तथा संगठित अपराधसम्बन्धी मुद्दामा मुछिएका रवि लामिछानेलाई वारेश (प्रतिनिधि) राख्न अनुमति प्रदान गरेको छ । न्यायाधीश सुमन कुमार न्यौपानेको इजलासले दिएको आदेशअनुसार लामिछानेले आफ्नो नियन्त्रणभन्दा बाहिरको परिस्थितिका कारण तोकिएको तारेखमा स्वयं उपस्थित हुन नसक्ने जनाउँदै वारेश नियुक्तिको माग गरेका थिए ।

अदालतले सो निवेदनमाथि सुनुवाइ गर्दै आवश्यक कानुनी आधार र पेश गरिएका कागजातहरूको अध्ययन गरेको जनाएको छ । प्रतिवादीको पक्षबाट अधिवक्ता चन्द्रिका प्रसाद पटेलले बहस प्रस्तुत गर्दै लामिछानेको स्वास्थ्य अवस्था र विभिन्न अदालतहरूमा एकै समयमा मुद्दा चलिरहेकाले तारेख जुध्न सक्ने अवस्था रहेको तर्क राखेका थिए ।

अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ८९ र ९५ अनुसार विशेष परिस्थितिमा वारेश राख्न सकिने व्यवस्था रहेको उल्लेख गर्दै स्वास्थ्य अवस्था र बहुविध अदालतमा मुद्दा चलिरहेको अवस्थालाई आधार मानेको स्पष्ट पारेको छ ।

यसै आधारमा आवश्यक पर्दा वारेशमार्फत अदालतमा उपस्थित गराउने गरी अनुमति दिइएको अदालतले जनाएको छ । साथै, आदेश कार्यान्वयनका लागि सम्बन्धित निकायलाई नियमानुसार प्रक्रिया अघि बढाउन निर्देशन दिइएको छ ।

# निःशुल्क स्क्रिनिङ सेवा सुरु

**मधेशदृष्टि**
**जितपुर ।**
जीतपुरसिमरा उपमहानगरपालिका स्थित जीतपुरसिमरा नगर अस्पतालले पाठेघरको मुखको क्यान्सर पहिचानका लागि निःशुल्क स्क्रिनिङ सेवा औपचारिक रूपमा सञ्चालनमा ल्याएको छ । अस्पताल प्रशासनका अनुसार यो सेवा प्रत्येक महिनाको दोस्रो र चौथो शुक्रबार सञ्चालन गरिनेछ ।

विशेषगरी ३० वर्षभन्दा माथिका महिलाहरूलाई लक्षित गरिएको यस कार्यक्रमबाट ठूलो संख्यामा सेवाग्राही लाभान्वित हुने अपेक्षा गरिएको छ । पछिल्लो समय महिलाहरूमा पाठेघरको मुखको क्यान्सरको जोखिम बढ्दै गइरहेको सन्दर्भमा प्रारम्भिक परीक्षणमार्फत रोग समयमै पहिचान गरी उपचार सुनिश्चित गर्ने उद्देश्यले सेवा सुरु गरिएको अस्पतालले जनाएको छ। सेवा पूर्ण रूपमा निःशुल्क रहेको पनि स्पष्ट पारिएको छ ।

परीक्षणका लागि कुनै अग्रिम अपोइन्टमेन्ट आवश्यक नपर्ने भएकाले सेवाग्राहीहरूले तोकिएको समयमा अस्पतालमै पुगेर सहज रूपमा सेवा लिन सक्नेछन् । यसले ग्रामीण तथा आर्थिक रूपमा विपन्न वर्गका महिलाहरूको स्वास्थ्य सेवामा पहुँच विस्तार हुने विश्वास गरिएको छ ।



## सम्पादकीय

# प्रतिनिधि सभाको पहिलो बैठक: नयाँ आशा र चुनौती

नेपालको राजनीतिमा नयाँ ऊर्जा र जनअपेक्षाका साथ प्रतिनिधि सभाको पहिलो बैठक सम्पन्न भएको छ। हालै सम्पन्न निर्वाचनले परम्परागत राजनीतिक दलहरूलाई चुनौती दिँदै नयाँ दल र युवा प्रतिनिधिको उल्लेख्य उपस्थिति गराएको छ। यो बैठक केवल संसदीय प्रक्रियाको निरन्तरता मात्र नभई नेपाली जनताले दिएको स्पष्ट जनादेशको प्रतिबिम्ब हो। यसले देशमा सुशासन, विकास र राजनीतिक स्थिरताको नयाँ अध्याय सुरु गर्ने संकेत दिएको छ, जसले गर्दा आम नागरिकमा ठूलो आशा पलाएको छ।

जनताले यसपटकको निर्वाचनमार्फत परिवर्तनको स्पष्ट सन्देश दिएका छन्। दशकौँदेखि राजनीतिक अस्थिरता, भ्रष्टाचार र कुशासनबाट आजित भएका जनताले नयाँ अनुहार र नयाँ विचारलाई संसदमा पठाएका छन्। विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता नयाँ दलहरूको उदय र युवाहरूको सक्रिय सहभागिताले अबको राजनीति सत्यनिष्ठा, क्षमता र जवाफदेहितामा आधारित हुनुपर्छ भन्ने जनचाहनालाई उजागर गरेको छ। यो जनादेशले जनप्रतिनिधिहरूलाई जनताप्रति उत्तरदायी भई काम गर्न र देशको हितलाई सर्वोपरि राख्न बाध्य पार्नेछ भन्ने विश्वास गरिएको छ।

नयाँ पुस्ताका जनप्रतिनिधिहरूबाट नेपाली जनताले ठूलो अपेक्षा राखेका छन्। उनीहरूले परम्परागत राजनीतिको घेराबाट बाहिर निस्केर देशका जल्दाबल्दा समस्याहरू, जस्तैः आर्थिक संकट, बेरोजगारी, पूर्वाधार विकास र शिक्षामा सुधार ल्याउन रचनात्मक भूमिका खेल्नेछन् भन्ने विश्वास छ। सामाजिक सञ्जाल र सार्वजनिक बहसहरूमा सक्रिय रहने यो पुस्ताले राष्ट्रिय मुद्दाहरूमा अझ बढी मुखर भई काम गर्ने र जनताका आवाजलाई संसदसम्म पुर्‍याउने अपेक्षा गरिएको छ। उनीहरूको इमान्दारिता र नवीन सोचले देशलाई सही दिशामा लैजान मद्दत पुग्नेछ भन्ने आशा छ।

यद्यपि, नयाँ संसद र नयाँ जनप्रतिनिधिहरूका सामु चुनौतीका चाङहरू पनि छन्। नेपालको भूराजनीतिक अवस्था, लामो समयदेखिको राजनीतिक अस्थिरता र संरचनागत समस्याहरूले उनीहरूको यात्रालाई सहज बनाउने छैन।

विगतमा बलियो जनादेश पाएका सरकारहरू पनि 'बहुमतको श्राप' मा फसेर संस्थागत सुधार र दिगो विकासमा असफल भएका उदाहरणहरू छन्। यसर्थ, नयाँ जनप्रतिनिधिहरूले दलगत स्वार्थभन्दा माथि उठेर सहकार्य, क्षमता र राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्नेछ। समावेशी नेतृत्व र संरचनागत सुधारबिना दिगो परिवर्तन सम्भव छैन भन्ने कुरालाई मनन गर्नुपर्छ।

अन्ततः, प्रतिनिधि सभाको यो पहिलो बैठक नेपालको राजनीतिक इतिहासमा एउटा महत्वपूर्ण मोडमा उभिएको छ। यो नयाँ सुरुवातले देशलाई समृद्धिको मार्गमा लैजाने अवसर प्रदान गरेको छ। नयाँ पुस्ताका जनप्रतिनिधिहरूले जनताको आशा र विश्वासलाई कायम राख्दै इमान्दारिता, दूरदर्शिता र दृढ संकल्पका साथ काम गर्न सकेमा मात्र नेपालले राजनीतिक स्थिरता र आर्थिक प्रगतिको नयाँ युगमा प्रवेश गर्न सक्नेछ। अन्यथा, इतिहास दोहोरिने जोखिम सधैं रहिरहनेछ।

# नीलकण्ठ वर्णी: नेपाल–भारतको धार्मिक–आध्यात्मिक सेतु



-चिरञ्जीवी आचार्य

पृथ्वीको उत्पत्ति र पूर्वीय संस्कृतिको विकाशसँगै नेपाल तपोभूमिका रूपमा परिचित छ। नेपालमा लाखौँ ऋषिमुनीले कठोर तपस्या गरी ज्ञान प्राप्त गरेका तथ्य धार्मिक ग्रन्थमा वर्णन गरिएका छन्। नेपालका विभिन्न तपोभूमि वर्णितस्थानमा ऋषिमुनीका तपस्याले प्राप्त गरेका ज्ञान विश्वमा विज्ञानको रूपमा परिवर्तन भई प्रयोगमा ल्याइएका छन्। तीमध्ये एक खुट्टाले उभिएर मुक्तिनाथमा तपस्या गरिरहेका भगवान श्री स्वामी नारायणको बालयोगी अवस्था नीलकण्ठ वर्णीको विशेष महत्व छ। प्राचीन योग गुरु पतञ्जलिकृत पुस्तकलगायतमा एउटा खुट्टाको बलमा उभिएर ध्यान गर्ने कठिन विधिको उल्लेख भएको पाइन्छ।

विसं १८३७ चैत्र ९ गते रामनवमी दिन भारतको अयोध्यामा जन्मिनुभएका भगवान स्वामी नारायणले तपोभूमि नेपालमा आई कठोर साधना, अनुष्ठान, जप, तप, ध्यान, सत्सङ्ग गरी बिताउनुभएको थियो। मानव कल्याणको सङ्कल्प लिएर गृहत्याग गरी चारधाम हुँदै हिमालय पर्वतमालाको कठिन यात्रा गरेको उक्त समयलाई स्वामी नारायणका गाथाकारले निलकण्ठ यात्राको संज्ञा दिएको पाइन्छ। नीलकण्ठ यात्राको सबभन्दा दिव्य समय एक खुट्टाले उभिएर साधना गरेको आकृतिलाई भगवान स्वामी नारायणका अनुयायीले तीव्रतापूर्वक विशाल मूर्तिहरू बनाएर संसारभर प्रचारप्रसार गरेको पाइन्छ।

आज विश्वका प्रमुख सहर युरोपको लन्डन, अमेरिकाको न्युयोर्क, अफ्रिकाको जोहानसबर्ग, अरबको अबुधाबी, भारतको गान्धीनगर हुँदै नयाँ दिल्लीमा रहेका भव्य अक्षरधाम मन्दिर परिसरमा एउटा विशेष मूर्तिले सबैको ध्यान केन्द्रित गरेको छ। त्यो तपोमूर्तिलाई विश्वमा अलौकिक मानिएको छ। एक खुट्टाले उभिएर कठोर तपस्या गरिरहेका बाल योगी नीलकण्ठ वर्णीको त्यो स्वरूप वास्तवमा नेपालको पवित्र हिमालय काख विशेषगरी मुक्तिनाथ क्षेत्रको जीवन्त गौरव एवं निशानी हो। बालयोगीले स्वामी नारायणको रूपधारण गर्नुभन्दा पहिले मुस्ताङमा अवस्थित मुक्तिनाथ धाममा लगालग चार महिनासम्म एक खुट्टाले उभिएर तपस्या गरेको कुरा स्वामी नारायण भगवानको निलकण्ठ जीवन यात्रा पुस्तकमा वर्णन गरिएको छ।

बिएपीएस स्वामीनारायण संस्थाले विश्वभर फैलाएको यो तपोमूर्तिको महिमाले नेपाल र भारतबीचको धार्मिक–सांस्कृतिक सम्बन्धलाई मात्र जोड्दैन, नेपाललाई विश्वकै एक प्रमुख आध्यात्मिक गन्तव्यका रूपमा उभ्याउने सामथ्र्य राख्दछ र नेपाल योगी र तपस्वीहरुको तपोभूमि हो भन्ने पुष्टि गरेको छ। आधुनिक समयमा स्वामीनारायण सम्प्रदायले बडो तेजीका साथ अत्यन्त विशाल र मनोहारी कलाकृतिले सम्पन्न हिन्दू मठमन्दिर र मूर्तिमार्फत हाम्रो प्राचीन वैभवलाई विश्वसामु प्रतिष्ठित गरेको पाइन्छ। त्यही सिलसिलामा मुक्तिनाथमा एक खुट्टाले ध्यान गरिरहेका स्वामी नारायणको मूर्ति अग्रभागमा आउँछ। यो नेपाली मात्रको शान र गौरवको विषय हो। करिब २५० वर्षअघि १२ वर्षको कलिलो उमेरमा घर त्यागेर हिँडेका नीलकण्ठ वर्णी (भगवान् स्वामीनारायण)ले आफ्नो सात वर्षे भारत वर्षको यात्रामा करिब तीन वर्ष नेपालका विभिन्न भागमा पुगेर तपस्या गर्दै मानव कल्याणसम्बन्धी ज्ञान प्राप्त गर्दै बिताउनुभएको थियो। यो सामान्य भ्रमण मात्र थिएन, यो त ज्ञान, योग र कठोर तपस्याको सङ्गम थियो। उनै भगवान रुपी तपस्वी निलकण्ठ वर्णीको एक खुट्टाले उभिएर तपस्या गरिरहेको १०८ फिट अग्लो मुर्ति बिएपीएस स्वामी नारायण अक्षर धामले २६ मार्च, २०२६ का दिन बिहान ६.३० बजे नयाँदिल्लीमा भव्य समारोहबीच उद्घाटन भएको छ।

प्राचीन हिन्दू वैभवलाई वास्तुमार्फत जस्ताको त्यस्तै उतार गरेर चर्चामा आएको अक्षरधाम मन्दिर यो विशाल मूर्तिको स्थापना पश्चात् पुनः एकपटक संसारभरका हिन्दू धर्मालम्बीको लागि नयाँ आकर्षणको केन्द्र बन्न पुगेको छ।

तपस्वी वर्णीको मुक्तिनाथको तपोमूर्तिः स्वामीनारायण सम्प्रदायका लागि मुक्तिनाथ मन्दिरको अगाडि नीलकण्ठ वर्णीले चार महिनासम्म एक खुट्टाले उभिएर गर्नुभएको तपस्या सबैभन्दा ठूलो आस्थाको केन्द्र हो। आज विश्वभरका बीएपीएस मन्दिरमा राखिने तपोमूर्ति यही ऐतिहासिक घटनाको प्रतीक हो। स्वामी नारायणको जीवनमा नेपालको मुक्तिनाथमा उहाँले एउटा खुट्टाले ध्यान गरेको कुरा उहाँको जीवन र साधनाको केन्द्रीय महत्त्वको क्षण हो भन्ने कुरा सिद्ध भएको छ। यसले गर्दा नेपालको मुक्तिनाथ क्षेत्रका प्रति स्वामीनारायण सम्प्रदाय र विश्वभर छरिएर रहेका हिन्दूहरूको पुन एक पटक चासो बढेको छ।

पर्वतको मोदीबेनी (योग साधना)ः पर्वत जिल्लाको मोदीबेनीमा उहाँले तत्कालीन प्रशिद्ध योग ज्ञाता गोपाल योगीसँग एक वर्ष बसेर अष्टसिद्धि र योगका गुण रहस्य सिक्नुभएको थियो। यो क्षेत्र आज पनि योग र साधनाका अध्येताका लागि प्रसादी स्थल (पवित्रस्थल)का रूपमा परिचित छ।

बुटवल र काठमाडौँको ऐतिहासिक सम्बन्धः बुटवलको फूलबारीमा चार महिना बसेर राजा मणिमुकुन्द सेनको दरबारमा सत्सङ्ग गराउनु र काठमाडौँमा राजा रणबहादुर शाहको असाध्य गम्भीर रोग निको पार्नुले उहाँको नेपालसँगको सम्बन्ध कति गहिरो र राजकीयस्तरको थियो भन्ने पुष्टि गर्छ साथै बुटवल र काठमाडौँको ऐतिहासिक सम्बन्धको नाता यसले स्थापित गरेको पुष्टि भएको छ।

आज विश्वभर करोडौँको सङ्खयामा स्वामीनारायण सम्प्रदायका अनुयायी छन्। उनीहरू आफ्नो इष्टदेवताले टेकेको हरेक माटोलाई प्रसादी मान्छन् र जीवनमा कम्तीमा एकपटक ती ठाउँको दर्शन गर्न चाहन्छन्। विशेषगरी गुजराती समुदायमा यो आस्था अझ प्रगाढ बनेको छ। यदि नेपाल सरकारले स्वामीनारायण सर्किटको अवधारणालाई मुर्त रूप दिन सक्ने हो भने यसले नेपालको पर्यटन क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याउन सक्छ। मुक्तिनाथ, मोदीबेनी, बुटवलको फूलबारी, काठमाडौँ दरबार स्क्वायर र चतराधामलाई जोडेर एउटा स्पष्ट मार्ग तयार पारी नेपालका तपोभूमिलाई धार्मिक पर्यटकीय स्थलमा विकाश गर्न सकेको खण्डमा मुलुकले प्रशस्तै आन्तरिक र बाह्य पर्यटकबाट आम्दानी गर्न सक्ने निश्चित छ। आर्थिक वर्ष २०८१–८२ को वार्षिक बजेटमा स्वामी नारायण सर्किटका बारेमा अध्ययनका लागि नेपाल सरकारले पर्यटन तथा संस्कृति मन्त्रालयअन्तर्गतबाट केही रकम छुट्याएको थियो तर बीचमै चुनाव तय भएपछि उक्त कार्यक्रमको बजेट निकासा हुन सकेन।

नयाँ सरकारले आर्थिक वर्ष ८२–८३ को बजेटमा स्वामीनारायण सर्किटलाई टेवा पुग्ने गरी कार्यक्रम ल्याउने अपेक्षा गर्न सकिन्छ। भारतको नयाँ दिल्लीस्थित अक्षरधाम जाने लाखौँ पर्यटकलाई त्यहाँ रहेको तपोभूमिको वास्तविकस्थल नेपालको मुक्तिनाथ हो भनेर बुझाउन सके, उनीहरूको अर्को गन्तव्य स्वतः नेपाल हुने र वर्णी सम्प्रदायमा आस्था राख्ने विदेशी धार्मिक पर्यटकको नेपालमा ओइरो नै लाग्ने छ र यसले नेपालका धार्मिक पर्यटकीय स्थल र क्षेत्रको अन्तराष्ट्रिय प्रचार र सम्बन्ध जोड्ने प्रचुर सम्भावना देखिन्छ। नेपालका धार्मिक पर्यटकीय क्षेत्रमा आउने धार्मिक पर्यटकबाट नेपालका होटल, यातायात र स्थानीय हस्तकला क्षेत्रमा ठूलो योगदान पुर्‍याउने निश्चित छ।

बिएपीएसजस्ता संस्थाले विश्वभर नेपाली भूमिमा गरिएको तपस्यालाई श्रद्धापूर्वक पुजिरहँदा हामीले यसलाई नेपालको राष्ट्रिय गौरवको विषय बनाउन सक्नुपर्छ। नयाँदिल्लीको अक्षरधाममा बनेको नयाँ तपोमूर्तिले वास्तवमा नेपालकै प्रचार गरिरहेको छ। अबको आवश्यकता भनेको नेपाल सरकार र बिएपीएस संस्थाबीच संस्थागत सहकार्य गरी यी प्रसादीस्थलको संरक्षण र प्रवद्र्धन गर्नु हो। नेपाल केबल प्राकृतिक सुन्दरताको देश मात्र होइन, यो भगवान् स्वामीनारायणजस्ता दिव्य पुरुषको साधना भूमि हो। स्वामीनारायण सर्किटको विकासले नेपाललाई विश्व आध्यत्मिक मानचित्रमा अझ चम्किलो बनाउनेछ। भगवान रुपी तपस्वी नीलकण्ठ वर्णीको विशाल मूर्ति दिल्लीमा अवस्थित अक्षरधाम परिसरमा प्रतिष्ठापि[illegible] समुद्घाटन हुनुले त्यो मार्गमा अग्रसर हुन हामीलाई [illegible] अभि[illegible]त गरे[illegible]छ।

# नयाँ संसद, नयाँ 'एजेन्डा' र अपेक्षा

*एकराज पाठक/रासस*

लोकतान्त्रिक प्रणालीमा संसद् कानून बनाउने थलो हो, तर यति मात्र सैद्धान्तिक परिधिभित्र संसद्को भूमिकालाई सीमित गरिनुहुँदैन। किनभने संसद् जनआकाङ्क्षाको प्रतिनिधित्व गर्ने संस्था पनि हो। संसद्ले नै मुलुकको कार्यकारिणी सरकार निर्माण गर्दछ र त्यही सरकारले देश र जनताका लागि काम गर्छ। यसकारण मुलुकको संसद् र सरकार दुवैले जनताको आशा, अपेक्षा र आकाङ्क्षाको प्रतिनिधित्व गर्नुपर्दछ।

हालै सम्पन्न निर्वाचनमार्फत प्रतिनिधिसभामा उल्लेख्य सङ्ख्यामा युवा तथा नयाँ अनुहार जनताका प्रतिनिधिका रूपमा छानिएका छन्। विगतको संसद्मा प्रतिनिधित्व गर्ने अनुहारसँग तुलना गर्ने हो भने हालको प्रतिनिधित्व खासमा नाति पुस्तामा सरेको छ। केही दिनअघि संसद्का ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सांसदहरूलाई शपथ गराइरहेको दृश्यबाट त्यस्तै देखिन्थ्यो। यो नयाँ ऊर्जा, नयाँ सोच र नवीन 'एजेन्डा' बोकेको उमेर पनि हो र यसले जनताको भावना र चाहनाको पनि प्रतिनिधित्व गर्दछ।

नयाँ जनादेशसहित अब बस्न लागेको संसद्को अधिवेशन केवल औपचारिक बैठकमा मात्र सीमित नभएर देशको दिशा निर्धारण गर्ने एउटा महत्त्वपूर्ण अवसर पनि हो। युवा सांसदहरूको उपस्थितिले यो अधिवेशन अझ परिणाममुखी, उत्तरदायी र जनमुखी हुनुपर्छ।

सुशासनको स्थापना र भ्रष्टाचार नियन्त्रण वर्तमान सरकार र संसद्को पहिलो प्राथमिकता हो। हुन त यो यसअघिका सरकार र संसद्को पनि प्राथमिकताकै विषय हो, तर हिजो ती प्राथमिकता केवल भाषणमा सीमित रहे। त्यसैकारण परिणाम पनि निस्किएन। वर्तमान संसद् र सरकार जेनजी आन्दोलनको पृष्ठभूमिमा बनेको हो। सो आन्दोलनको पहिलो र प्राथमिक 'एजेन्डा' भनेकै सुशासन र भ्रष्टाचारको अन्त्य हो। यसकारण पनि भ्रष्टाचारविरुद्ध कडा नीति, कानूनी व्यवस्था र प्रभावकारी कार्यान्वयनका उपायहरू यो संसद्ले तय गर्नुपर्छ।

सार्वजनिक निकायहरूको पारदर्शिता बढाउने र जिम्मेवार बनाउने विषयमा संसद्ले ठोस भूमिका खेल्नुपर्छ। संसद् सबै राजनीतिक दलहरूका आवाज र योजना मुखरित हुने थलो हो। विपक्षी दलहरूले अघि सार्ने योजना र उनीहरूले राख्ने गुनासा पनि पहिले संसद्मै आउँछन् र संसद्को बाटो भएरै सरकारसमक्ष पुग्ने गर्दछन्। यसकारण पनि यस विषयमा संसद् अझ बढी जागरुक र चनाखो हुनुपर्ने अवस्था छ।

यो उद्देश्य प्राप्तिका लागि सबैभन्दा पहिले नयाँ संसद्ले जनताको विश्वास जित्न पारदर्शिता र उत्तरदायित्वमा ध्यान दिनुपर्दछ। हिजोका दिनमा संसद्प्रतिको जनताको बुझाइ र भोगाइमा व्यापक परिवर्तन ल्याउनु जरुरी छ। विगतको त्यो निराशा र अविश्वासलाई चिर्न संसद्ले आफ्नो भूमिकालाई गम्भीरतापूर्वक निर्वाह गर्दै प्रत्येक निर्णय र गतिविधि जनउत्तरदायी र जनमुखी बनाउन आवश्यक छ। संसद्का छलफलहरू पनि केवल संसदीय व्यवस्थाको निरन्तरता र शब्दजालले भरिएका लम्बेतान बहस मात्र नभएर सार्थक, तथ्यपरक र जनजीवनसँग प्रत्यक्ष जोडिएका विषयमा केन्द्रित हुनु जरुरी छ।

जनतालाई दिनुपर्ने 'डेलिभरी'का विषमा केन्द्रित नीति तथा कानून निर्माण अबको संसद्को मुख्य आकर्षण हुनेछ। यस विषयमा यो संसद्ले नवीनता र व्यावहारिकता थप्ने अपेक्षा जनताको छ। युवा सांसदहरूको आगमनले सूचना प्रविधिको विकास, नवप्रवर्तनसहितको उद्यमशीलता, रोजगारी सिर्जना, शिक्षामा सुधार, स्वास्थ्य सेवाको विस्तार जस्ता क्षेत्रमा नयाँ सोचले प्रवेश पाउने अपेक्षा छ। देशका विद्यमान समस्या जस्तै बेरोजगारी, गरिबी, भ्रष्टाचार र असमानताको समाधानतर्फ केन्द्रित एजेन्डा पनि संसद्ले सुरुमै तय गर्नुपर्दछ।

संसद्मा एउटै पार्टीको बहुमत नरहेको धेरै समय भयो, जसकारण मुलुकमा राजनीतिक स्थिरता छैन। नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले स्पष्ट मात्र होइन दुई तिहाइ नजिकको जनमत हासिल गरेकाले यो जनमतको सम्मान गर्दै हिजोका दिनमा संसद्भित्र देखिने गरेका दलहरूबीचका शक्ति सङ्घर्ष एवं संसद्कै गरिमा घटाउने खालका क्रियाकलापहरू हुन दिने छैन। यसकारण राष्ट्रिय हितका मुद्दाहरूमा संसद्ले साझा समझदारी कायम गर्दै सहकार्यको संस्कृति विकास गर्ने अपेक्षा छ। बहस र आलोचना त संसद्मा हुन्छ नै, त्यो पनि आवश्यकताको सिद्धान्तका आधारमा होस् र विकास र समृद्धिको मार्गमा संसदीय कारबाही अघि बढोस् भन्ने आशा सबै नेपाली जनताले राखेका छन्।

हिजोका दिनमा सांसदहरूले जनतासँगको सम्बन्धलाई सुमधुर बनाउन सकेनन्। उनीहरू चुनाव जितेर राजधानी फर्किएपछि प्रायः गाउँ फर्किएनन्। यो कसैप्रतिको आरोप नभएर प्रतिनिधिसभाको गत निर्वाचनमा जनताले नै मत माग्न जाने उम्मेदवारहरूसँग गरेको गुनासो हो। वर्तमान संसद्का प्रतिनिधिहरूले कम्तीमा पनि आफ्ना मतदाताको आवाज बन्नुपर्ने दायित्वलाई नभुलून् र नियमित रूपमा जनतासँग संवाद गरी समाधानका प्रयास गरून्। यो जनताको अपेक्षा हो र यसले लोकतन्त्रलाई अझ सशक्त पनि बनाउनेछ।

विकास निर्माण होस् या अन्य कुनै अग्रगामी योजना तर्जुमा, सबैभन्दा जटिलता र समस्या देखाउने गरिएको विषय कानूनको अभाव हो। धेरै काम कानूनको अभावले रोकिएका र कतिपय योजनाको ढिलाइमा कानून नै बाधक देखिने गरेको विगतमा धेरै सुनिएको हो। यसकारण पनि यी सबै बाधा–व्यवधानहरूको अध्ययन गरी प्रभावकारी कानून निर्माण संसद्को यो अधिवेशनको प्राथमिकतामा पर्नुपर्दछ। यो अधिवेशनले जनताको दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित कानूनहरूलाई प्राथमिकता दिनुपर्छ। शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि र सुशासनका क्षेत्रमा सुधार ल्याउने विधेयकहरू ल्याएर छिटो पारित गर्नुपर्ने आवश्यकता छ।

सरकारको कामको निगरानी त संसद्को मुख्य काम हो नै। संसद्ले नै सरकारलाई कामयाबी र जवाफदेही बनाउनु पर्दछ। मन्त्रीहरूलाई कामका विषयहरूमा प्रश्न गर्ने, कामको प्रगति माग्ने र समीक्षा गर्ने अनि आवश्यक निर्देशन दिने कार्य पनि संसद्को हो। त्यसैले यस काममा पनि संसद् सक्रिय हुनु जरुरी छ।

यसैगरी, आर्थिक विकास र बजेट तयारीको दिशामा पनि यो संसद् थप सक्रिय हुनुपर्दछ। खासमा सरकारले सुशासन र विकासका कामहरू दिने र सेवाको 'डेलिभरी' दिने काम बजेटमार्फत गर्नुपर्ने हुन्छ। यसकारण देशको आर्थिक अवस्था सुधार गर्न दीर्घकालीन योजना, लगानीमैत्री वातावरण, रोजगारी सिर्जना र उत्पादन वृद्धिमा केन्द्रित छलफललाई संसद्ले थप सिर्जनात्मक र प्रभावकारी बनाउनुपर्ने हुन्छ। यो पनि वर्तमान संसद्को आगामी बजेटका लागि एक प्रकारको स्पष्ट मार्गदर्शन हो।

कतिपय पुराना राम्रा योजना तथा कार्यक्रमलाई निरन्तरता दिए पनि यो सरकारले कामको 'मोडालिटी' भने नयाँ नै प्रस्तुत गर्नुपर्ने छ। युवामैत्री र नवीन एजेन्डा नै वर्तमान सरकारले अघि बढाउनुपर्दछ। यसका लागि आवश्यक पर्ने नियम, कानूनमा यो संसद्ले ध्यान दिनुपर्ने हुन्छ। नयाँ सांसदहरूले 'स्टार्टअप', 'डिजिटल' अर्थतन्त्र, प्रविधि, नवप्रवर्तन जस्ता विषयमा विशेष प्राथमिकता दिनुपर्छ र यसका लागि आवश्यक कानून निर्माणमा जुट्नुपर्दछ। खासमा यसले नै मुलुकलाई आधुनिक विकासतर्फ अघि बढाउन मद्दत गर्नेछ।

राष्ट्रिय एकताका साथै मुलुकको निकासका लागि आवश्यक पर्ने सहकार्यको वातावरण निर्माण गर्ने थलो संसद् हो। संसदीय प्रजातन्त्रमा संसद् विपक्षीहरूको सत्ता हो भनिन्छ। विपक्षी दलहरूले आफ्ना कुरा सदनमै राख्छन् र सरकारको ध्यानाकर्षण गराउँछन्। सरकारले पनि विपक्षीहरूको मागको तथा जनताका आवाजको जवाफ सदनमै दिनुपर्दछ। त्यसैले दलहरूबीच सहकार्यको भावना विकास गर्दै राष्ट्रिय हितका मुद्दामा एकजुट भएर काम गर्न यो संसद्को अभिभारा गहन हुन आउँछ। विगतमा संसद् अवरोधको शृङ्खला हामीले निकै लामो देख्दै आएका छौँ। संसद् अवरोध हुने बहाना विपक्षीहरूले खोजी नै रहेका हुन्छन्। यसलाई पनि सरकारले समयमै सम्बोधन गर्नुपर्दछ।

संसद्लाई सिधै जनतासँग जोड्नका लागि संवाद र सहकार्य जरुरी छ। सरकारले पनि संसद्लाई बिजनेस दिनुपर्ने हुन्छ अनि संसद्ले सरकारसँगको समन्वयलाई प्रभावकारी बनाउनुपर्दछ। संसद्मा मन्त्रीको उपस्थिति जरुरी छ र आफ्नो मन्त्रालयका बारेमा संसद्मा उठेका प्रश्नहरूको जवाफ पनि मन्त्रीहरूले त्यहीँ नै दिँदा प्रभावरकारी हुन्छ। यसका लागि अधिवेशनका छलफलहरू पनि जनताले चासो राख्ने र जनजीविकासँग जोडिने विषयमा केन्द्रित हुनुपर्छ। सांसदहरूले आफ्ना निर्वाचन क्षेत्रका मुद्दाहरू उठाउने र समाधान खोज्ने प्रयास यही थलोबाट गर्नुपर्छ। अन्यथा यो संसद् पनि हिजोका जस्तो निस्प्रभावी र जनताको आकर्षण हुन नसकेको संसद्का रूपमा हुन आउनेछ।

संसद् केवल नीति र कानून बनाउने मात्र होइन, तिनको प्रभावकारी कार्यान्वयन भए– नभएको अनुगमन गर्ने पनि निकाय हो। यस कार्यका लागि प्रभावकारी संसदीय संयन्त्र आवश्यक छ र त्यसैम आधारमा संसद्को काम–कारबाहीका साथै संसद्ले निर्माण गरेका कानून, नीति नियमहरूको कार्यान्वयनको अवस्थालाई बलियो बनाउनु पर्दछ।

यसरी यो संसद् अधिवेशनले खासमा काम गर्ने संसद् एवं कामयाबी संसद्को सन्देश दिन सक्नुपर्दछ। यसले थोरै बहस र धेरै परिणामलाई प्राथमिकतामा राख्नुपर्छ। जस्तो कि बजेट छलफलका क्रममा आउने एक रुपैयाँ घटाइयोस् भन्ने जस्ता प्रस्तावहरूमा दिनहुँ छलफल हुने, तर पछि त्यो प्रस्ताव फेल हुनेजस्ता नाटकीय कार्यसूचीमा अल्मलिएर समय बर्बाद गर्ने जस्ता काम यो संसद्मा हुनुहुँदैन।

यस्तै कामहरूका साथै नाराबाजी तथा सानातिना दलीय मागहरूमा पनि संसद् अवरुद्ध गर्ने जस्ता कारण हिजोका दिनमा संसद्प्रति जनताको धारणा सकारात्मक छैन। यसलाई चिर्नका लागि पनि आगामी संसद् अधिवेशनले जनअपेक्षाअनुसार काम गरेर संसद्प्रति जनविश्वास आर्जन गर्ने र मजबुत बनाउने काममा ठूलो योगदान दिन सक्दछ। हालको संसद्मा जसरी युवा र सिर्जनशील उमेर समूहकाहरूको बाहुल्यता छ, ठीक त्यसैगरी सिर्जनात्मक काम गर्न सक्यो भने नेपालको संसदीय मूल्यमान्यतामा यो संसद्को कामकारबाही नयाँ मानक पनि बन्नसक्छ।

यदि यसो हुन सक्यो भने अबको संसद्ले दीर्घकालीन दृष्टिकोणका साथ देशको समृद्धि र सुशासनतर्फ मुलुकलाई मार्गनिर्देश गर्न सक्दछ। नयाँ पुस्ताको नेतृत्वले पुराना कमजोरीहरूलाई सुधार्दै सकारात्मक परिवर्तनको उदाहरण प्रस्तुत गर्न सकेमा मुलुकको यो संसद् साँच्चिकै नयाँ सोच, नयाँ 'एजेन्डा' र नयाँ दिशा बोकेको संस्थाका रूपमा सुपरिचित र स्थापित हुनेछ। यसका लागि नयाँ सांसदहरूको ऊर्जा, प्रतिबद्धता र जनमुखी कार्यशैली आवश्यक छ। संसद्लाई प्रभावकारी, विश्वासिलो र परिणाममुखी बनाउन अबको संसद् हिजोको जस्तो निरर्थक बहस मात्र गर्ने नभई देश र जनताको जीवनमा वास्तविक परिवर्तन ल्याउने दिशामा अघि बढ्न सक्दछ। आजदेखि सुरु हुन लागेको संसद् अधिवेशनबाट नेपाली जनताले यही अपेक्षा गरिरहेका छन्।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# जिम्मेवारी पूरा गरेर मतादेशको ऋण तिर्नेछौँः लामिछाने



**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले जनताले आफूहरूलाई दिएको मतादेशको ऋण जिम्मेवारी पूरा गरेर तिर्ने बताएका छन् । प्रतिनिधिसभाको पहिलो अधिवेशनको पहिलो बैठकमा बिहिबार दलीय आधारमा बोल्दै सभापति लामिछानेले आफूहरूलाई जनताले सिंहदरबार चलाउन नभई सिंहदरबार बदल्नका लागि मत दिएको र सोहीअनुसार काम सुरु गरिसकेको स्पष्ट गरे ।
हामी प्रश्न गरेर यो ठाउँमा आएका हौँ । हामीले बोलेर होइन कामबाट आफूलाई प्रमाणित गर्नुपर्छ । हामी विगतका कमजोरीबाट पाठ सिक्रेछौँ", सभापति लामिछानेले भने, "यो संसद् बहसको थलो हुनेछ, प्रतिशोधको थलो होइन । प्रतिपक्षलाई अन्यायपूर्वक प्रतिशोध र अत्याचार हुनेछैन, तर सुशासनको बेग पनि रोकिनेछैन । रास्वपाका हरेकले बोलेर होइन, कामबाट आफूलाई प्रमाणि गर्नुपर्नेछ ।
आफ्नालाई बचाउन र अरुलाई फसाउन कानुन नै संशोधन हुने क्रम अब नहुने जिकिर गर्दै उनले सहिदको आमाको न्याय पाउने पहिलो हक भएकाले त्यसलाई प्रतिशोध भन्न नपाइने बताए ।
सभापति लामिछानेले बिचौलिया र माफियाले थिचिएको निजी क्षेत्रलाई अब त्यस्तो दबाब नपर्ने भन्दै समान अवसर र व्यावसायिक वातावरण सरकारले मिलाउने प्रतिबद्धता व्यक्त गरे । उनले जातीय र लैङ्गि आधारमा कुनै विभेद नहुने सङ्कल्प गर्दै ज्येष्ठ नागरिकको सम्मान र बालबालिकाको शिक्षा, स्वास्थ्यका लागि विशेष ध्यान दिने बताए ।
विगतमा राजनीतिक नियुक्ति लिएकालाई स्वेच्छिक रूपमा मार्गप्रशस्त गर्ने अपेक्षा गर्दै उनले नयाँ नियुक्तिमा विधि र योग्यताको मापदण्ड पालना हुने स्पष्ट गरे । सभापति लामिछानेले राजदूतको नियुक्ति बिचौलियाको प्रभावमा नभई श्रमिकको हितकेन्द्रित हुने पनि बताए । गैह्रआवासीय नेपालीको पुँजी, सीप र अनुशासनलाई नेपालको आर्थिक विकासमा उपयोग गर्ने बताउँदै उनले मुलुकले प्रतिपक्षलाई पनि साथमा लिएर मित्रवत् र पारदर्शी परराष्ट्र नीति कायम गर्ने बताए । रासस

# जनताप्रति उत्तरदायी बन्न सरकारलाई आग्रह



**काठमाडौँ ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता ज्ञानबहादुर शाहीले सरकारलाई जनताप्रति उत्तरदायी बन्न र विधिको शासन प्रभावकारी रूपमा लागू गर्न आग्रह गरिएको छ । प्रतिनिधिसभाको बिहिबारको बैठकमा उनले सरकार जनताप्रति उत्तरदायि बनेर मुलुकको समृद्धिमा अगाडि बढ्न सुझाव दिए ।
सांसद शाहीले भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा भएका घटनाको सत्यतथ्य छानबिन गर्नुपर्नेमा जोड दिए । प्रजातान्त्रिक मूल्य र मान्यतामा आधारित शासन सञ्चालन हुनुपर्ने उल्लेख गर्दै उहाँले जनताको आशा र भरोसाको दियो निभ्न नदिई त्यसलाई अझ मजबुत बनाउनुपर्ने बताए ।
नेपालमा धेरै पटक व्यवस्था परिवर्तन भए पनि जनताको अवस्था अपेक्षाअनुसार परिवर्तन हुन सकेको छैन", शाहीले भने,"देशमा भएका सबै भ्रष्टाचारका फाइल खोलिनुपर्ने र पछिल्लो समय दल परिवर्तन मात्र नभई पुस्ता परिवर्तनसमेत भएकाले सोहीअनुसार काम हुनुपर्छ । उनले निर्मला पन्त र इनिशा विकजस्ता घटनाका पीडितले समयमै न्याय पाउनुपर्नेमा जोड दिनुभयो । शाहीले युवालाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्नुपर्ने आवश्यकता औँल्याए । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का सदस्यलाई नागरिकता उपलब्ध गराउनुपर्ने माग गर्दै सांसद शाहीले सुशासन र विधिको शासन कायम गर्न सबै पक्ष एकजुट हुनुपर्ने बताए । अन्य क्षेत्रमा आधुनिक पूर्वाधार विकासका कार्यक्रम लागू भइरहे पनि कर्णाली प्रदेशमा अपेक्षित विकास पुग्न नसकेको उल्लेख गर्दै उनले सरकारलाई आफ्नो दायित्व पूरा गर्न आग्रह गरियो ।
विश्वविद्यालयलाई राजनीतिबाट मुक्त बनाउनुपर्नेमा जोड
स्वतन्त्र सांसद महावीर पुनले विश्वविद्यालयलाई राजनीतिबाट मुक्त बनाउनुपर्नेमा जोड दिएको छ । उनले हाल सञ्चालनमा रहेका १८ वटा विश्वविद्यालयलाई राजनीतिक प्रभावबाट टाढा राख्दै शैक्षिक गुणस्तर सुधारमा केन्द्रित गर्नुपर्ने आवश्यकता औँल्याए ।
नेपालमा विज्ञान तथा प्रविधिको प्रवद्र्धनलाई प्राथमिकता दिएर युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्ने उनको भनाइ छ । विज्ञान र प्रविधिको विकासविना मुलुक आर्थिक रूपमा अघि बढ्न सक्दैन, उनले भने ।
सांसद पुनले विद्यालय शिक्षामा देखिएका विभिन्न विकृतिलाई सुधार गर्न शिक्षा नियमावलीमा परिवर्तन आवश्यक रहेको उल्लेख गर्दै विद्यालय व्यवस्थापन समितिमा राजनीतिक प्रभाव बढ्दै गएकोप्रति चिन्ता व्यक्त गरियो । यसैगरी, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी)मा राजनीतिक हस्तक्षेप अन्त्य गर्नुपर्नेमा उनले जोड दिए । रासस

# आलोचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्छौँः सांसद पुन



**काठमाडौँ ।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का तर्फबाट निर्वाचित सांसद वर्षमान पुनले आफ्नो पार्टीले सदनमा आलोचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताएको छ ।
प्रतिनिधिसभाको पहिलो अधिवेशन प्रारम्भको अवसरमा बिहिबारको दलीय आधारमा मन्तव्य राख्दै उहाँले देश र जनताको पक्षमा आफ्नो पार्टीले सरकारलाई रचनात्मक सहयोग गर्ने प्रतिबद्धता जनाए ।
राष्ट्र निर्माण, सामाजिक न्याय, रुपान्तरणलगायत जनहित र सकारात्मक विषयमा सरकारलाई सहयोग गर्न तयार छौँ, सांसद पुनले भने, गणतन्त्र, लोकतन्त्र, सङ्घीयता र समावेशीतालगायत राजनीतिक उपलब्धिलाई अझ उन्नत बनाउँदै लैजानेमा सहकार्य र समन्वय गर्नेछौँ ।
सांसद पुनले आफ्नो पार्टी लोकतान्त्रिक आचरण, व्यवहार र पद्धतिमा विश्वास राख्ने उल्लेख गर्दै नवयुवा पुस्ताले उठाएका विषयलाई सम्बोधन गर्नेतर्फ सरकारको ध्यान जानुपर्नेमा जोड दिए । तत्कालीन नेकपा (माओवादी)ले २०६४ र नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले २०७४ सालमा प्राप्त गरेको जनमत अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्राप्त गरेको उल्लेख गर्दै उनले माओवादी र नेकपाको कमीकमजोरीबाट पाठ सिकेर आगामी यात्रा तय गर्न सुझाव दिए । रासस

# प्राकृतिक स्रोतको सदुपयोग गर्न पाउने सहज नियम बनाउनुपर्छ : सम्पाङ



**काठमाडौँ ।**
श्रम संस्कृति पार्टीका अध्यक्ष एवं सांसद हर्क सम्पाङ राईले प्राकृतिक स्रोतसाधनको सदुपयोग गर्न पाउने गरी सहज नियम बनाउनुपर्नेमा जोड दिएका छन् । प्रतिनिधिसभाको बिहिबारको पहिलो बैठकमा उनले प्राकृतिक स्रोतसाधनको सरंक्षण गर्दै मुलुक समृद्धिमा यसको सदुपयोग गर्नुपर्ने बताए ।
जनचाहनाबमोजिम मुलुकमा सुशासन कायम गरी भ्रष्टचार अन्त्य गर्न सबै लाग्नुपर्ने बताउँदै अध्यक्ष राईले सार्वभौमसत्ता र स्वाभिमानमा प्रतिकुल असर पार्ने कुनै पनि सन्धि सम्झौता खारेज गर्नुपर्नेमा जोड दिए । उनले सिमाना रक्षाका लागि नेपाली सेना खटाउनुपर्ने, प्रत्यक्ष कार्यकारीको व्यवस्था हुनुपर्ने र त्यसमा आफ्नो पार्टीको साथ रहने बताए ।
अध्यक्ष राईले गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका कार्यक्रममा आन्दोलन भड्काउने र दमन गर्ने दोषी पक्षलाई छानबिन गरी कारबाही गर्नुपर्ने माग गरे । उनले मुलुकमा सुशासन कायम गर्न सबै राजनीतिककर्मी र सार्वजनिक ओहोदामा बसेका सबैको सम्पत्ति छानबिन गर्नुपर्न, शिक्षालाई उत्पादनसँग जोड्नुपर्ने, एक पालिकामा एक उद्योग, एक घर–एक रोजगारी, बन्द भएका उद्योग सञ्चालन गर्नुपर्ने र नयाँ उद्योग खोल्नुपर्ने माग गरे ।
अध्यक्ष राईले वर्तमान सरकारलाई शान्ति सुरक्षाका साथै शिक्षा, स्वास्थ्य, खानेपानीलगायत जनताका आवश्यकताका क्षेत्रमा प्रभावकारी काम गर्न ध्यानाकर्षण गराए । विद्यार्थी संगठन खारेजी, ज्येष्ठ नागरिकलाई दिइदै आएको वृद्ध भत्ता वितरणमा नयाँ मापदण्डलगायत सरकारले अघि सारेका विषयमा पुनर्विचार गर्नुपर्ने सुझाव दिँदै घरबारविहीन नागरिकलाई विस्थापन होइन, व्यवस्थापन गर्नुपर्ने उनको माग थियो । रासस

# गृहमन्त्रीद्वारा तीन अध्यादेश पेस



**काठमाडौँ ।**
प्रतिनिधिसभाको बिहिबारको बैठकमा गृहमन्त्री सुधन गुरुङले तीन अध्यादेश पेस गरेका छन् । सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा दलीय आधारमा सदस्यहरूले मन्तव्य राखिसकेपछिको नियमित कार्यसूचीअन्तर्गत उनले 'नागरिकता सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२' र 'नेपाल विशेष सेवा (तेस्रो संशोधन) अध्यादेश, २०८२' पेस गरेका छन् ।
नेपालको संविधानको धारा ८४ को उपधारा ९२० बमोजिम समानुपातिकको बन्द सूचीमा समावेश गराउनुपर्ने जनसङ्ख्याको आरक्षणका लागि अध्यादेशबाट कानुन संशोधन गरिएको थियो । गत फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचन मिति तोकिएपछि सोका लागि मतदाता नामावली अध्यावधिकको प्रयोजनका लागि अघिल्लो सरकारले 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश' ल्याएको थियो । गृहमन्त्री गुरुङले राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरषद्को कार्यालयअन्तर्गतबाट गृह मन्त्रालयअन्तगर्त राख्न 'नेपाल विशेष सेवा (तेस्रो संशोधन) अध्यादेश' जारी भएको जानकारी गराए ।
बैठकमा संविधानसभाका सदस्य एवं पूर्वसदस्यहरू ऋषिकेश गौतम, मोहम्मद अफ्ताव आलम, कृष्णकुमारी श्रेष्ठ, आमोदप्रसाद उपाध्याय, होमनाथ दाहाल र संविधानसभा तथा राष्ट्रियसभाका सदस्य बलदेव बोहराको विभिन्न समयमा भएको निधनप्रति शोक प्रस्ताव पारित गरिएको छ । प्रतिनिधिसभाको अर्को बैठक यही चैत २२ गते आइतवार बिहान ११:०० बजे बस्नेछ । रासस

# सदनलाई राष्ट्रपति कार्यालयको पत्रको जानकारी

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बिहिबारको बैठकमा राष्ट्रपति कार्यालयबाट प्राप्त प्रधानमन्त्री पदको नियुक्ति र मन्त्रिपरिषद् गठनसम्बन्धी पत्रहरूको व्यहोरा जानकारी गराइएको छ । बैठकको अध्यक्षता गरेका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ (१) बमोजिम प्रतिनिधिसभा सदस्य बालेन्द्र शाहलाई नेपालको प्रधानमन्त्री पदमा नियुक्त यही चैत १३ गते नियुक्त गरेको व्यहोरा जानकारी गराए ।
उनले प्रधानमन्त्री शाहको नेतृत्वमा गठित १५ सदस्यीय मन्त्रिपरिषद् र कार्यविभाजनसम्बन्धी व्यहोरासमेत सदनलाई जानकारी गराए । यसअघि ज्येष्ठ सदस्य केसीले राष्ट्रपति कार्यालयबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी पत्रको बेहोरा सदनलाई जानकारी दिए । बैठकले नेपालको संविधानको धारा १०४ बमोजिम प्रतिनिधिसभाबाट सभाले आफ्नो नियमावली नबनाएसम्मको लागि प्रतिनिधिसभा नियमावली, २०७९ बमोजिम कामकारबाही गर्नेसम्बन्धी प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ । बैठकमा ज्येष्ठ सदस्य केसीले सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न सांसदहरू आरेन राई, गङ्गा छन्त्याल, तारिह अलि भाट, वासना थापा, विश्वराज पोखरेल, यज्ञबहादुर बोगटी र बलावती शर्मालाई मनोनयन गरिएको जानकारी दिए । रासस

# सुशासनमार्फत नागरिकमा आशा र विश्वास जगाउन आवश्यक छः आङ्देम्बे

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता भीष्मराज आङ्देम्बेले सहमति, सहकार्य र सुशासनमार्फत नागरिकमा आशा र विश्वास जगाउनुपर्नेमा जोड दिएको छ । प्रतिनिधिसभाको बिहिबारको पहिलो बैठकमा उनले राजनीतिक अस्थिरता र कमजोर शासनशैलीका कारण निराशा बढेको उल्लेख गर्दै भविष्यमा यस्तो अवस्था आउन नदिन दूरदर्शी नीति र स्थिर सरकार आवश्यक रहेको बताए ।
विगत ३५ वर्षमा द्वन्द्व, भूकम्प तथा कोभिड–१९ महामारीजस्ता चुनौतीका बाबजुद देशमा पूर्वाधार, विद्युत्, सञ्चार, स्वास्थ्य र वित्तीय क्षेत्रमा प्रगति भएको उल्लेख गर्दै नेता आङ्देम्बेले 'केही पनि भएन' भन्ने निराशावादी धारणा यथार्थमा आधारित नभएको तर्क गरियो । उनले विभिन्न लोकतान्त्रिक आन्दोलनदेखि पछिल्लो जेनजी विद्रोहसम्म ज्यान गुमाएका सहिदप्रति श्रद्धाञ्जली अर्पण गर्दै अब देशमा पुनः हिंसा दोहोरिन नदिन सबै राजनीतिक शक्ति एकजुट हुनुपर्ने बताए ।
नेता आङ्देम्बेले २०४६ सालको जनआन्दोलन, सशस्त्र द्वन्द्व, २०६२÷६३ को जनआन्दोलन, मधेस आन्दोलनलगायतका सङ्घर्ष स्मरण गर्दै फरक विचार भए पनि सबै एउटै राष्ट्रिय लक्ष्यमा केन्द्रित हुनुपर्ने धारणा व्यक्त गरियो ।
उनले संसदीय लोकतान्त्रिक प्रणालीलाई नेपालको साझा मार्गका रूपमा व्याख्या गर्दै बिपी कोइरालाले प्रस्ताव गरेको यो प्रणालीप्रति सबै राजनीतिक शक्ति पुनः प्रतिबद्ध भएको उल्लेख गरियो । नेता आङ्देम्बेले कांग्रेसले जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्ने स्पष्ट पार्दै पहिलो दलका रूपमा निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी तथा प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।
उनले गत भदौ २३ र २४ गतेका घटनाको निष्पक्ष छानबिन गर्न सरकारसँग माग गर्दै संसद् भवन र सिंहदरबारमा भएको क्षतिको यथार्थ सार्वजनिक गर्नुपर्ने बताए । दोषीलाई कारबाही र निर्दोषलाई संरक्षण गर्नुपर्ने नेता आङ्देम्बेको भनाइ थियो ।
उनले नयाँ सरकारलाई संविधान र जनअपेक्षाविपरीत काम भए प्रतिपक्षले सशक्त रूपमा खबरदारी गर्ने उल्लेख गरियो । यसैबीच, उनले राष्ट्रपति रामचन्द्र पौडेल, पूर्वप्रधानमन्त्री सुशीला कार्की, निर्वाचन आयोग, सुरक्षा निकाय तथा सञ्चारकर्मीप्रति निर्वाचन सम्पन्न गर्न योगदान पु–याएकामा आभार व्यक्त गरियो । रासस

# जेनजी आन्दोलनमा भएको हिंसात्मक गतिविधि छानबिनको माग

**काठमाडौँ ।**
नेकपा (एमाले)को संसदीय दलका नेता रामबहादुर थापा 'बादल' ले जेनजी आन्दोलनका क्रममा गत भदौ २३ र २४ मा भएको सार्वजनिक सम्पत्तिको क्षति, भौतिक संरचना तोडफोड एवं आगलागीका घटनाको निष्पक्ष छानविनको माग गरिएको छ ।
प्रतिनिधिसभाको पहिलो अधिवेशनको पहिलो बैठकमा उनले छानविनको माग गर्नुहुँदै आन्दोलनका क्रममा भएका हिंसात्मक गतिविधि सुनियोजितरूपमा भएको आरोप समेत लगाए ।
एमालेका उपाध्यक्ष थापाले निर्वाचनबाट ठुलो दलसहित विजय हासिल गरेकामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई बधाई दिए ।
प्रतिनिधिसभाको निर्वाचनले आफूहरुलाई सानो दलका रुपमा स्थान दिए पनि चुनौतीको सामना गरेर अघि बढ्ने बताए । रासस

# आलुको बीउ 'ग्रेडिङ' गर्दै मौर्य



**नेपालगन्ज ।**
बाँकेको डुडुवा गाउँपालिकाका किसान जयपाल मौर्य अहिले आलुको बीउ 'ग्रेडिङ'मा व्यस्त छन् । गत वर्ष मात्रै जिल्लाबाट राष्ट्रपति कृषक पुरस्कार प्राप्त गरेका ४३ वर्षीय किसान मौर्यले एक सय एक कट्ठा जमिनमा लगाइएको आलुको बीउ ग्रेडिङ भइरहेको जानकारी दिए । बीस वर्षदेखि कृषिमा संलग्न उनले अनुमानित आठ सय क्विन्टल बीउ उत्पादन गरेर स्थानीय सरकारले जिल्लामा निर्माण गरेका 'कोल्ड स्टोर'मा संरक्षण गरेको बताउछन् । 'आलुको बीउ ग्रेडिङ जारी रहेको छ, एक सातादेखि भइरहेको यो काम शुक्रबार सकिने छ', मौर्यले भने ।

उन्नत प्रकारको 'कार्डिनल' जातको सो आलुको बीउ विगतका वर्षमा थोरै मात्रामा उत्पादन हुने गरेको उल्लेख गर्दै उनले यस वर्ष धेरै जमिनमा लगाइएको कारण पनि उत्पादन बढेको बताए ।

त्यसका लागि यस वर्ष करिब पाँच लाख लगानी भएको जानकारी दिँदै मौर्यले आलु रोप्ने सिजनमा 'कोल्ड स्टोर'बाट ल्याएर ३५ देखि ५५ सम्म प्रतिकेजीमा बिक्री हुने गरेको उल्लेख गरे । यसबाट करिब १२ लाख बराबरको कारोबार हुने विश्वास व्यक्त गरे ।

कात्तिक मसान्त वा मङ्सिर महिनामा लगाएको आलुको बीउ उत्पादन गर्न ९० देखि १२० दिनसम्म लाग्ने गरेको किसानको अनुभव छ ।

कोल्ड स्टोरमा बीउ राख्दा प्रतिकेजी रु चार शुल्क तिर्नुपर्छ । कोल्ड स्टोर डुडुवाबाहेक कोहलपुरमा पनि रहेको छ । कृषि ज्ञान केन्द्र, नेपालगन्जले प्रदान गरेको आलुको उन्नत जातको पीबीउस दानाबाट आफूले आलुको बीउको उत्पादन गरेको मौर्यले बताए ।

कृषि ज्ञान केन्द्र, बाँके, नेपालगन्जका प्रमुख विनोद घिमिरेले आलुको पीबीउस दानालाई दोस्रो र तेस्रो पुस्ताका रुपमा लैजान सकिने उल्लेख गर्दै आलु बीउको क्षेत्र विस्तारमा जोड दिइएको बताए ।

ज्ञान केन्द्रका वरिष्ठ वागवानी विकास अधिकृत सन्तोष पाठकले आलुको बीउ उत्पादनका लागि किसानले अनिवार्य तालिम पनि लिनुपर्ने अवस्था आएको बताएका छन् । अन्यथा आलुको बीउ उत्पादन गर्न किसानलाई कठिनाइ हुने उनको भनाइ छ । अधिकृत पाठकले सिन्धुपाल्चोकबाट ल्याइएको पीबीउस दानाबाट बाँकेमा आलु बीउ उत्पादन राम्रो भएको जानकारी दिए । किसान मौर्यलाई ५० प्रतिशत अनुदानमा आलुको बीउ उपलब्ध गराइएको थियो । रासस

# एक करोड लगानीमा भेडाबाख्रा फार्म खोलेका हिमबहादुर



**म्याग्दी ।**
रोजगारीको सिलसिलामा २० वर्ष विदेशमा बिताएका म्याग्दीको धवलागिरि गाउँपालिका–५ मल्कवाङका ५० वर्षीय हिमबहादुर छन्त्याललाई सहरबजारको सुविधायुक्त बसाइ छाडेर भेडाबाख्राको पछि लागेर लेकबेसी गर्नुपर्ने बाध्यता थिएन । सुविधा, अवसर र रोजगारीको लागि गाउँबाट सहर र सहरबाट विदेश पलायन हुने क्रम चलिरहेका समयमा म्याग्दीको विकट र दुर्गम क्षेत्रका रुपमा चिनिने मल्कवाङका हिमबहादुर भेडाबाख्रा पालेर जङ्गल पसेका छन् । 'युएइमा २० वर्ष काम गरेर कमाएको पैसाले पोखरामा घरपरिवारसँगै बिलासी जीवन बिताउन पनि पुग्ने थियो,' उनले भने, 'आफ्नो जन्मिएको ठाउँमा पनि केही गरौँ । कोही गाउँ छाडेर गए पनि कोहीले केही गर्नुपर्छ भन्ने भावनाले प्रेरित भएर जन्मथलो फर्किएर व्यावसायिक भेडाबाख्रा पालेको हो ।'

हिमबहादुरले विदेशमा आर्जेको अनुभव र पुँजीलाई परिचालन गरेर जन्मथलोमा 'मल्कवाङ भेडाबाख्रा फार्म' सञ्चालन गरेका छन् । उनका परिवार र आफन्त पोखरामा बसोबास गर्छन् । उनी भने छ सय भेडा चराउँदै हिउँदमा बेसीका फाँट र बर्खामा हिमालको काँखमा घुम्ती गोठ लिएर पुग्ने गर्छन् । असोजमा बेसी झारेको भेडागोठ हिउँदभरि मल्कवाङको फेदी खालीखोलामा राखैं, उनले भने, वैशाख महिनासँगै गोठ लेकतिर सार्दै साउन–भदौमा धौलागिरि हिमालको बुकी पाटनमा पु¥याउँछौँ । सहरबजारको कोलाहल, प्रदूषण र तनावभन्दा भेडाबाख्रासँगै लेकबेसी गर्दा रमाइलो लाग्ने उनको अनुभव छ ।

एक वर्षमा तीन सयको हाराहारीमा भेडाबाख्रा बिक्री गर्ने हिमबहादुरले आफू स्वरोजगार बनेका छन् भने गाउँका तीन जनालाई रोजगारी दिएका छन् । करिब रु एक करोड लगानी गरेर भेडाबाख्रा फार्म खोलेका उनले वार्षिक रु ३० देखि ४० लाखको भेडाबाख्रा बिक्री हुने बताएका छन् ।

मासु र पूजाआजाका लागि गोठबाटै भेडाबाख्राको खसीबोका बिक्री हुन्छन् । उत्पादन गर्न सकेमा बजारको समस्या नभएको उनको अनुभव छ । भेडाबाख्रालाई हिउँको चिसोबाट बचाउनका लागि धवलागिरि गाउँपालिकाले खालीखोलामा टहरा निर्माण गर्न सघाएको वडाध्यक्ष अमर छन्त्यालले बताए । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले आन्तरिक तथा बाह्य परजीवी तथा महामारीविरुद्ध निःशुल्क खोपको व्यवस्था मिलाएको छ । घुम्ती गोठमा भेडाबाख्राको सुरक्षाका लागि हिमबहादुरले पाँच वटा कुकुर पालेका छन् । खाद्यान्न ढुवानी गर्न दुई वटा घोडा पनि साथमा राखेका छन् । चरन क्षेत्रको कमी, वन्यजन्तुको आक्रमण र मौसममा आएको परिवर्तन भेडापालनमा चुनौती बनेको उनले बताए । रासस

# इरान युद्धमा ट्रम्पको कडा चेतावनी



**वासिङ्टन ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग जारी युद्धलाई निर्णायक मोडमा पुगेको दाबी गर्दै थप दुईदेखि तीन हप्तासम्म 'अत्यन्त कडा' आक्रमण जारी रहने चेतावनी दिएका छन् । ट्रम्पको उक्त अभिव्यक्तिले युद्ध अन्त्य नजिक पुगेको सङ्केत गरे पनि अन्तर्राष्ट्रिय चिन्ता झनै बढाएको छ ।

ह्वाइट हाउसबाट बुधबार साँझ सम्बोधन गर्दै ट्रम्पले संयुक्त राज्य अमेरिका आफ्नो लक्ष्य हासिल गर्ने चरणमा पुगेको बताए, तर युद्ध कसरी र कहिले टुङ्गिन्छ भन्नेबारे स्पष्ट खाका प्रस्तुत गरेनन् । उनले 'काम छिट्टै पूरा गरिने' दाबी दोहो¥याउँदै अमेरिकी आक्रमण अझ तीव्र हुने सङ्केत गरे ।

एक महिनाभन्दा बढी समयदेखि जारी यस द्वन्द्वले अमेरिकाभित्रै राजनीतिक दबाब बढाइरहेको छ ।

ट्रम्पको स्वीकृति दर घट्दै गएको छ भने बढ्दो तेल मूल्यका कारण सर्वसाधारणमा आर्थिक दबाब महसुस हुन थालेको छ । यही सन्दर्भमा उनले फेब्रुअरी २८ मा सुरु गरिएको आक्रमणमा किन इजरायलसँग सहकार्य गरिएको हो भन्ने विषयमा विस्तृत स्पष्टीकरण दिएका थिए ।

उनले आफ्नो सम्बोधनमा अमेरिकाको रणनीतिक उद्देश्य इरानको सैन्य क्षमता कमजोर पार्ने, क्षेत्रीय सशस्त्र समूहहरूलाई दिइँदै आएको समर्थन अन्त्य गर्ने तथा इरानलाई आणविक हतियार प्राप्त गर्नबाट रोक्ने रहेको उल्लेख गरे । यद्यपि संयुक्त राष्ट्रसङ्घका निकाय र अन्य विश्लेषकहरूले इरान तत्कालै आणविक हतियार नजिक नभएको आकलन गर्दै आएका छन् ।

द्वन्द्वको सुरुआती चरणमै इजरायलले इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको हत्या गरेको घटनालाई ट्रम्पले आफ्नो सफलताका रूपमा प्रस्तुत गरे । उनले इरानका 'धेरैजसो नेतृत्व तह समाप्त भइसकेको' दाबी गर्दै सैन्य प्रगतिको चर्चा गरे । तर इरानले पनि रणनीतिक रूपमा महत्त्वपूर्ण होर्मुज जलडमरूमध्यमा नियन्त्रण बढाउँदै प्रतिक्रिया दिएको छ, जुन विश्वको करिब पाँचौँ भाग तेल आपूर्तिको प्रमुख मार्ग हो । यसको असर विश्व बजारमा देखिन थालेको छ—अमेरिकामा पेट्रोलको मूल्य वर्षौंपछि प्रति ग्यालन चार डलरभन्दा माथि पुगेको छ भने सेयर बजारमा गिरावट आएको छ ।

ट्रम्पको सम्बोधनपछि पनि बजारमा अनिश्चितता कायम रह्यो । बिहीबार प्रारम्भिक कारोबारमा तेलको मूल्य फेरि बढ्दा लगानीकर्ताहरू सतर्क देखिएका छन् । यसले युद्ध छिट्टै अन्त्य हुने अपेक्षामा शङ्का उत्पन्न गरेको छ । अमेरिकी सिनेटर क्रिस मर्फीले ट्रम्पको नीतिमा स्पष्टता नभएको टिप्पणी गरे । उनले ट्रम्पले युद्ध विस्तार गरिरहेका हुन् कि घटाइरहेका हुन् भन्ने कुरा अस्पष्ट रहेको बताउँदै सामाजिक सञ्जालमार्फत आलोचना गरे । यसैबीच, ट्रम्पले इरानसँग सम्झौता नभए थप कडा कदम चाल्ने चेतावनी दोहो¥याउँदै देशका ऊर्जा पूर्वाधारमाथि समेत आक्रमण गर्न सकिने सङ्केत गरेका छन् । यस्तो कदम अन्तर्राष्ट्रिय कानुनविपरीत हुन सक्ने र युद्ध अपराधको रूपमा व्याख्या हुन सक्ने चिन्ता व्यक्त गरिएको छ । ट्रम्पले इरानी राष्ट्रपति मसुद पेजेस्कियानले युद्धविराम खोजिरहेको दाबी गरेका थिए, तर इरानको विदेश मन्त्रालयले उक्त दाबी अस्वीकार गर्दै अमेरिकामाथि 'अवास्तविक र अधिकतम दबाब' सिर्जना गरेको आरोप लगाएको छ । रासस

# आर्टेमिस–२ : चन्द्र यात्रामा मानवको पुनरागमन



**फ्लोरिडा ।**
आधा शताब्दीभन्दा बढीपछि मानवता पुनः चन्द्रतर्फ फर्किएको छ । नासाको आर्टेमिस–२ मिसनअन्तर्गत चार अन्तरिक्ष यात्री बुधबार शक्तिशाली रकेटमार्फत चन्द्रमाको परिक्रमा गर्ने ऐतिहासिक यात्रामा प्रस्थान गरेका छन्, जसले आगामी अवतरणको मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ । तीन अमेरिकी र एक क्यानेडियाली अन्तरिक्ष यात्री बोकेको ३२–तले स्पेस लन्च सिस्टम रकेट फ्लोरिडास्थित केनेडी स्पेस सेन्टरबाट साँझतिर उडेको थियो ।

प्रक्षेपण अवलोकन गर्न हजारौँ मानिसहरू भेला भएका थिए, जसले अपोलो युगको सम्झना दिलाउने वातावरण सिर्जना गरेको थियो । यो अभियानलाई नासाको दीर्घकालीन चन्द्र उपस्थिति स्थापनातर्फको महत्त्वपूर्ण कदम मानिएको छ । उडान सुरु भएको केही मिनेटमै कमान्डर रिड वाइसम्यानले चन्द्रमातर्फ अघि बढिरहेको दृश्यलाई 'सुन्दर चन्द्रोदय' भनेर वर्णन गरे । उनीसँगै पाइलट भिक्टर ग्लोभर, अन्तरिक्ष यात्री क्रिस्टिना कोच र क्यानाडाका जेरेमी ह्यानसेन हुन् । यो टोली विविधताको दृष्टिले ऐतिहासिक मानिएको छ, जसमा पहिलो महिला, रङ्गभेद पृष्ठभूमिका सदस्य र गैर–अमेरिकी नागरिक समावेश छन् ।

नासाका प्रशासक जारेड आइज्याकम्यानले यसलाई 'मानव अन्तरिक्ष यात्राको नयाँ अध्याय' भन्दै अघिल्लो चन्द्र यात्रापछि आएको लामो अन्तराललाई छोटो विश्रामका रूपमा चित्रण गरे । उनका अनुसार अब चन्द्रमा केवल लक्ष्य होइन, भविष्यको स्थायी आधार बन्ने दिशामा यात्रा अघि बढेको छ । प्रक्षेपणअघि केही घण्टासम्म प्राविधिक चुनौतीहरूले तनाव सिर्जना गरेको थियो । हाइड्रोजन चुहावटको पुरानो समस्या पुनः दोहोरिने आशंका रहे पनि अन्ततः प्रक्षेपण सहज रूपमा सम्पन्न भयो । अन्तिम समयमा देखिएका ब्याट्री सेन्सर र उडान नियन्त्रणसम्बन्धी समस्या पनि छिट्टै समाधान गरिएपछि उडानलाई हरियो झण्डा दिइएको थियो ।

यो १० दिने परीक्षण उडानको प्रारम्भिक चरणमा अन्तरिक्ष यात्रीहरूले पृथ्वीको कक्षामा रहँदै यानको प्रणाली जाँच गर्नेछन् । त्यसपछि मुख्य इन्जिन प्रज्वलन गरी चन्द्रमातर्फ यात्रा सुरु हुनेछ । उनीहरू चन्द्रमाको सतहमा अवतरण नगरी परिक्रमा गर्दै पृथ्वीभन्दा अहिलेसम्मकै टाढासम्म पुग्ने अपेक्षा गरिएको छ । चन्द्रमाको पछाडिको भाग पार गरेपछि यान थप छ हजार ४०० किलोमिटरसम्म अघि बढ्नेछ र त्यसपछि पृथ्वी फर्कने मार्ग समाउनेछ । यो यात्रा 'फ्रि–रिटर्न' कक्षामा आधारित हुनेछ, जसले गुरुत्वाकर्षणको सहायताले यानलाई सुरक्षित रूपमा फर्काउने सुनिश्चितता दिन्छ ।

उडानका क्रममा अन्तरिक्ष यात्रीहरूले म्यानुअल नियन्त्रण अभ्याससमेत गर्नेछन्, जसले स्वचालित प्रणाली असफल भएमा मानव नियन्त्रण कति प्रभावकारी हुन्छ भन्ने परीक्षण गर्नेछ । ओरियन क्याप्सुलका झ्यालबाट उनीहरूले चन्द्रमाको दुर्लभ दृश्य अवलोकन गर्नेछन्, जहाँ केही विशेष भूभागहरू मानव आँखाले पहिलोपटक देख्ने सम्भावना छ ।

यद्यपि मिसनसँग केही जोखिमहरू पनि जोडिएका छन् । एसएलएस रकेटमा हाइड्रोजन चुहावटको समस्या पूर्ण रूपमा समाधान नभएको आशंका छ । अघिल्लो आर्टेमिस–१ मिसनमा पनि क्याप्सुलको ताप सुरक्षा प्रणालीमा समस्या देखिएको थियो । यसपटक त्यस्ता कमजोरीहरू दोहोरिन नदिन विशेष सावधानी अपनाइएको छ । नासाले जोखिम मूल्यांकन सार्वजनिक नगरे पनि अधिकारीहरूका अनुसार यो 'सामान्यभन्दा राम्रो' अवस्थामा रहेको छ । अनुभवी अन्तरिक्ष यात्री चार्ली ड्युकले पनि टोलीलाई शुभकामना दिँदै यस्ता ऐतिहासिक यात्रामा जोखिम स्वाभाविक हुने बताए ।

आर्टेमिस कार्यक्रमले अपोलो युगभन्दा फरक दृष्टिकोण अपनाएको छ । यसले केवल चन्द्रमामा पुग्ने लक्ष्य होइन, त्यहाँ दीर्घकालीन आधार निर्माण गर्ने योजना अघि सारेको छ । आगामी मिसनहरूमा चन्द्रमाको दक्षिणी ध्रुवमा अवतरण गर्ने र त्यहाँ वैज्ञानिक अनुसन्धान विस्तार गर्ने लक्ष्य राखिएको छ । अन्तरिक्ष यात्री कोचका अनुसार चन्द्र यात्रा मङ्गल ग्रहसम्म पुग्ने मार्गको आधार हो । उनले यो मिसनलाई 'नयाँ युगको सुरुआत' भन्दै पृथ्वीका सबै मानिसका लागि चन्द्रमालाई सम्भावनाको गन्तव्यका रूपमा प्रस्तुत गरे । ग्लोभरले यस यात्रालाई सम्पूर्ण मानवताको साझा इतिहासको हिस्सा भएको उल्लेख गर्दै यो कुनै एक देश, जाति वा लिङ्गको नभई 'मानवताको कथा' बन्ने बताए । रासस

# प्रतिनिधिसभा पहिलो बैठकः एमालेद्वारा ध्यानाकर्षण



**काठमाडौं।**
प्रतिनिधिसभाको पहिलो बैठकमा नेकपा (एमाले) का सांसदले सदन मार्फत् सरकारको ध्यानाकर्षण गराउनुभएको छ। गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनपछि आज सिंहदरबारस्थित निर्माणाधीन सङ्घीय संसद् भवनको बहुउद्देश्यीय कक्षमा सुरु भएको बैठकमा सो पार्टीका सांसदले पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री एवं नेपाली कांग्रेसका नेता रमेश लेखकलाई पक्राउ गरिएको विरोधमा ध्यानाकर्षण गराएको हो।

बैठकको प्रारम्भमा नै एमालेका सांसद गुरुप्रसाद बरालले उक्त पक्राउका विषयमा सदनको ध्यानाकर्षण गराएका छन्। यही चैत १४ गते नेपाल सरकारको निर्णयबमोजिम अध्यक्ष ओली र नेता लेखकलाई पक्राउ गरिएको थियो। बैठकमा सुरुआतमै एमालेका सांसदहरु आ आफ्ना आसनबाट उठेपछि बैठकको अध्यक्षता गरिरहनुभएका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले पहिलो बैठकमा विवाद नगरी बसिदिन सो पार्टीका सांसदलाई आग्रह गरेको थियो। रासस

# कोशी–बङ्गाल सांस्कृतिक तथा पर्यटन उत्सव आगामी मङ्गलबार

**झाप ।**
कोशी प्रदेश र भारतको पश्चिम बङ्गाल प्रान्तको सांस्कृतिक सम्पदा र पर्यटकीय क्षेत्रहरूको प्रवर्द्धन गर्न यही चैत २४ र २५ गते विर्तामोडमा 'कोशी–बङ्गाल सांस्कृतिक तथा पर्यटन' उत्सव हुने भएको छ । विर्तामोड सिटी सेन्टरमा आयोजना हुने उत्सवमा नेपालका १८ र भारतका १२ वटा प्रदर्शनी कक्ष राखिने जिल्ला पर्यटन कार्यालयले जनाएको छ । ती कक्षबाट स्थानीय खानाका परिकार, हस्तकलाका सामग्री, पर्यटन 'प्याकेज' तथा सेवाबारे विस्तृत रूपमा जानकारी दिइने छ । आगन्तुकले परिकार चाख्न पनि पाउने छन् ।

उत्सव सञ्चालन गर्न पर्यटन व्यवसायी इन्दिरा श्रेष्ठको संयोजकत्वमा कोशी–बङ्गाल सांस्कृतिक तथा पर्यटन उत्सव आयोजक समिति गठन भएको छ । उत्सवका माध्यमबाट नेपाल र भारतबीचको सांस्कृतिक निकटतालाई अझ सुदृढ तुल्याउन र सुस्ताएको पर्यटन उद्योगलाई गतिशील बनाउन सघाउ पुग्ने विश्वास संयोजक श्रेष्ठको छ ।

उत्सवमा विविध सांस्कृतिक कार्यक्रम, फोटो तथा चित्रकला प्रदर्शनीका साथै र दुई देशबीच सांस्कृतिक एवं धार्मिक पर्यटन प्रवर्द्धन गर्न 'नेपाल–बङ्गाल पर्यटन सर्किट'बारे विचारविमर्श हुने भएको छ । रासस

# नदी कटान रोक्न जैविक तटबन्ध



**कञ्चनपुर ।**
कञ्चनपुरमा नदी नियन्त्रणका लागि दातृ निकाय र जनश्रमदानमा जैविक तटबन्ध निर्माण गरिएको छ । कञ्चनपुरको पुनर्वास नगरपालिका र लालझाडी गाउँपालिकास्थित दोदा नदीको कटान रोक्न जैविक तटबन्ध निर्माण गरिएको पुनर्वास नगरपालिका– ७ का अध्यक्ष मुलचन्द रानाले नदी जानकारी दिए ।

हरेक प्रत्येक वर्ष नदीको बाढीबाट प्रभावित हुँदै आएको क्षेत्रमा तटबन्ध निर्माण गरिएको उनले बताए ।

‘हरेक वर्ष यहाँ करिब तीन सय परिवार बाढीबाट प्रभावित हुँदै आएका छन् । खेतीयोग्य जग्गा कटान हुँदै आएको छ । त्यसलाई रोक्न जैविक तटबन्ध निर्माण गरिएको हो’, वडाध्यक्ष रानाले भने । लालझाडी गाउँपालिकाका अध्यक्ष निर्मला रानाले यहाँको पुनर्वास र लालझाडी गाउँपालिका हरेक वर्ष बाढीबाट प्रभावित हुँदै आएको बताइन् । उनले बाढी प्रभावित वडा नं १ र ४ मा जैविक तटबन्ध निमार्णको काम भइरहेको जानकारी दिइन् ।

नेपाल राष्ट्रिय समाज कल्याण सङ्घ, स्थानीय पालिका र जनश्रमदानमा नदी नियन्त्रणका लागि जैविक तटबन्ध निर्माण गरिएको हो ।

सङ्घद्वारा सञ्चालित ‘नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण (सान)’ परियोजनाअन्तर्गत कञ्चनपुर र कैलाली जिल्लाका नदी तटीय क्षेत्रमा कटान तथा डुबान नियन्त्रणका लागि जैविक तटबन्ध निर्माण गरिएको परियोजनाका संयोजक देवराज बडूले जानकारी दिए ।

उनका अनुसार कञ्चनपुरको पुनर्वास नगरपालिकामा ७०० मिटर, लालझाडी गाउँपालिकामा ६०० र कैलालीको भजनी नगरपालिकामा ७०० मिटर जैविक तटबन्ध निर्माण गरिएको छे ।

पुनर्वासमा रु २९ लाख १३ हजार, लालझाडीमा रु ४४ लाख ७९ हजारको लागतमा तटबन्ध निर्माण गरिएको बडूले बताए । उनले भने, ‘परियोजना, पालिका र जनश्रमदानमा तटबन्ध निमार्ण गर्ने थालिएको हो । स्थानीय स्रोतसाधनको प्रयोग र समुदायको सक्रिय श्रमदानका कारण यो तटबन्ध परम्परागत संरचनाभन्दा दिगो र वातावरणमैत्री छ ।’

परियोजना संयोजक बडूले जैविक तटबन्धले नदीको बहावलाई प्राकृतिक रूपमा व्यवस्थापन गर्ने भएकाले यसले दीर्घकालीन रूपमा भूक्षय रोक्न र तटीय क्षेत्रको जैविक विविधता संरक्षणमासमेत महत्वपूर्ण टेवा पुऱ्याउने विश्वास व्यक्त गरे । रासस

# खुल्ला आकाशमुनिको ‘ट्युसन’ कक्षा

**सङ्गीता राई**
**सुनसरी ।**
पिपलको छहारीमुनि विछ्च्याइएका छन् प्लास्टिकका म्याट र बोरा । पिपलको रुखमा अड्याइएको बोर्डमा लेखिएको छ,‘श्री पिपलबोटे खुल्ला विद्यालय’ । जहाँ नर्सरीदेखि कक्षा ७ सम्म पढ्ने ३०÷३५ जना बालबालिका दिनहुँ बिहान ७ बजे किताब, कापी र कलम च्यापेर ट्युसन (अध्यापन कक्षा) पढ्न आइपुग्छन् । चन्द्र सर अर्थात चन्द्र भण्डारीले ती बालबालिकालाई लेखपढमा सहायता गर्नुहुन्छ । विद्यालयमा पढ्दा नबुझेका पाठहरु बुझाउनुहुन्छ । गृहकार्य गर्न सहजीकरण गर्छन् । यो दृश्य हो, इटहरीको व्यस्त सडक पूर्व–पश्चिम राजमार्ग पर्ने इटहरीस्थित टेङ्ग्रा खोलाको किनार छेवैको गल्ली ।

नाम जस्तै यस खुला आकाशमुनि पठनपाठन सञ्चालन हुन थालेको तीन दशक बढी भइसकेको छ । पिपलको रुखमुनि निरन्तर सिकाई गतिविधि सञ्चालन गर्दै आएको हुनाले ‘पिपलबोटे खुल्ला विद्यालय’ नाम दिइएको छ । तर, यो दर्ता गरिएको औपचारिक विद्यालय वा शैक्षिक केन्द्र भने हुँदै होइन, भण्डारीको व्यक्तिगत पहल, अदम्य इच्छाशक्ति र समर्पणले गर्दा निरन्तरता पाएको शैक्षिक अभियान हो । उनले विपन्न, गरिब तथा सीमान्तकृत समुदायका बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्दै आएको योगदानस्वरुप छरछिमेकमा सबैले ‘चन्द्र सर’ को उपमा दिएका छन् ।

### सङ्घर्षले सिकाएको सेवाभाव

सुनसरीको छिमेकी जिल्ला धनकुटाको कागते–६ मा बुबा श्रीकान्त भण्डारी र आमा मनमाया भण्डारीको कोखबाट २०२२ सालमा जन्मिएका चन्द्र भण्डारी चार सन्तानमध्ये कान्छा छोरा छन् । सामान्य परिवारमा जन्मिएर हुर्केका उनले बाल्यकालमै अभाव र सङ्घर्ष झेल्नुपर्यो । गुजाराको खोजीमा आमाबाट ५० रुपैयाँ खर्च लिएर उनी २०४४ सालमा इटहरी झरेका थिए । इटहरीमा दाजु आफन्त पर्नेहरुसँग ग्यारेजमा मेसिन बनाउने काम थाले । केही समयपछि एक साथीसँग मिलेर हटिया बजारमा थानको कपडाको व्यापार गरे । तर करिब छ महिनामै त्यो व्यापार बन्द भयो । कपडा व्यापारमा सफलता नमिलेपछि बाँसको व्यापारमा लागे । २०५१ सालदेखि उनले टेङ्ग्राखोला नजिकै बाँसको व्यापार सुरु गरेका थिए । धरानको पानमारा, मोरङको केराबारी र धनकुटाबाट त्यसबेला २० देखि २३ रुपैयाँमा किनिएको बाँस रु २५ मा बिक्री हुने गथ्र्यो दुई रुपैयाँ नाफा हुन्थ्यो । बाँस खरिद गरेर सुनसरीका विभिन्न स्थान शान्तिझोडा, तरहरा, इटहरीलगायतका ठाउँमा बिक्री गर्दै उनले आफ्नो व्यवसाय विस्तार गरे ।



यही क्रममा स्कुल जाने उमेरका बालबालिका बाँसका चाङ वरिपरि धुलोमाटोमा खेल्दै गरेको भण्डारीले देखे । ‘उनीहरुका बाआमालाई छोराछोरी पढाउनुपर्छ भन्ने चेतना सायदै थियो,’ उनी सम्झिन्छन्, ‘मलाई भने गरिबी र अभावले पढाइ अधुरै छाड्नुपरेको बाल्यकालको झल्को आयो ।’ यसपछि उनले बालबालिकालाई भेला गरेर पढाउने निधो गरे । सुरुमा उनले त्यहाँ आउने १० जना बालबालिकालाई भेला गरेर बिहान र बेलुका दुईदेखि तीन घण्टा निःशुल्क ट्युसन पढाउन सुरु गरे । मलाई लाग्थ्यो बालबालिकालाई ‘अक्षर चिनाएपछि स्कुल जाने बाटो पक्कै खुल्छ, यही बाँसको व्यापारले जीवनको सबैभन्दा ठूलो उद्देश्य पनि देखायो अनि बालबालिकाको पीडाले खुल्ला विद्यालय पनि जन्मियो ।

### विपन्न परिवारका बालबालिकालाई भरोसा

उनको यो प्रयास विस्तारै फैलिँदै गयो । स्थानीय समुदायमा चर्चा बढ्दै जाँदा विद्यार्थी थपिदै गए पहिला खोला किनारमा सानो कटेज जस्तो टहरो थियो त्यही टहरोमा बालबालिकालाई राखेर ट्युसन पढाउने चाजोपाजो मिलाइएको थियो । बिहानबेलुका गरी ४० देखि ५० जना बालबालिका पढ्न आउँथे तर २०६० सालमा उक्त कटेज भत्किएपछि उनले कक्षा खुला आकाशमुनि नै पढाउदै आएका छन् । भण्डारी सम्झन्छन्, ‘कटेज भत्किएपनि बालबालिकामा पढ्ने चाहना थियोे, उनीहरुले घरबाट बोरा ल्याएर भूइँमा विछ्याएर सिकाइ माग्न थाले ।’ सुविधा केही थिएन तर पढ्ने चाहना देखिन्थ्योे, उनी सम्झन्छन् । बर्खामासको भेलबाढी होस् वा हिउँद्को सुख्खा खडेरी, टेङ्ग्रा खोलाको धमिलो पानी, बर्खामा आउने बाढी, कहिले सुक्खा यी सबै चुनौतीबीच पनि चन्द्र भण्डारीको ट्युसन कहिल्यै रोकिएन । न कहिल्यै अवरोधले रोकेको छ, न कहिल्यै उनलाई अल्छी नै लागेको छ । बालबालिकालाई ट्युसन पढाउन छोडेनन् । कोभिड–१९ महामारीका बेला देशभर बन्दाबन्दी चल्दासमेत उनले हार भने मानेनन्, घरबाटै अनलाइन कक्षा सञ्चालन गरेका थिए । कोभिड–१९ पछि विद्यार्थी घट्दै गए अहिले उनले दैनिक ३० देखि ३५ जना बालबालिकालाई नियमित ट्युसन पढाउँदै आएको बताए ।

विपन्न परिवारका बालबालिकाका लागि विद्यालयको शिक्षाको अलवा थप सिक्ने अवसरको केन्द्र बनेको छ । यहाँ आउने अधिकांश बालबालिका मकै पोलेर बेच्ने, बदाम बेच्ने, जुत्ता पालिस गर्ने, रिक्सा चलाउने जस्ता श्रमिक परिवारका छोराछोरीहरु छन् । मध्यम र उच्च वर्गका केही बालबालिका पनि यहाँ पढ्छन् । भण्डारी ट्युसन पढाउने मात्रै सीमित छैनन् । उनले जन्मदिनको अवसर पारेर पढ्न आउने बालबालिकालाई कापी, कलम र पुस्तक उपहार दिने गर्छन् । कतिपय सहयोगी हातहरु पनि शैक्षिक सामग्री र लत्ताकपडाको सहायता लिएर आइपुग्ने गर्छन् । सिकाइको अतिरिक्त शैक्षिक सामग्री तथा लत्ताकपडा उपहार र सहायताले बालबालिकालाई हौसला थप्ने गरेको छ । भण्डारीलाई बालबालिकालाई सिकाउने व्यवस्थित ठाउँको अभाव खड्किरहेको छ । उनी भन्छन्, ‘घामपानी छल्ने एउटा व्यवस्थित स्थानमा राखेर पढाउन पाए अझ राम्रो हुन्थ्यो ।’

### सेवाको कदर

भण्डारीको स्वतस्फूर्त सेवाभावको कदर गर्दै झण्डै हजारौं सङ्घसंस्थाले सम्मान गरेका छन् । झापा दमकको ‘पढ्ने घर’ संस्थाले २०७१ सालमा पहिलोपटक सम्मान गरेको थियो । त्यसपछि विभिन्न सङ्घसंस्था, विद्यालय र कलेजबाट दर्जनौँ सम्मान र अवार्ड प्राप्त गरिसकेका छन् । दीर्घकालीन सेवाको कदर गर्दै भण्डारीलाई प्रतिष्ठित ‘युएसए–नेपाल ह्युमानिटेरियन सर्भिस अवार्ड २०१७’ प्रदान गरिएको थियो । विपन्न वर्गका बालबालिकालाई लक्षित गरी निःशुल्क ट्युसन शिक्षणमार्फत पुऱ्याएको योगदानको कदर गर्दै २०७२ सालमा इटहरीस्थित सेक्रेड हार्ट इङ्लिस स्कुलको २०औँ वार्षिकोत्सवको अवसरमा भण्डारीलाई सम्मान गरेको थियो । यस्तै मानव अधिकार तथा शान्ति समाजले नगदसहित सम्मान गरेको छ । अन्य विभिन्न निकायहरुबट पनि उहाँलाई सम्मानपत्र प्रदान गरेको थियो ।


भण्डारीका लागि सम्मानहरू केबल कागजमा लेखिएका शब्द मात्र होइनन् ती सबै उनीप्रतिको समाजको भरोसा र माया हुन्, जसले उनलाई अझै अघि बढ्न प्रेरित गरिरहेको छ । भण्डारी भन्छन्, ‘कर्म गर्नु मेरो कर्तव्य हो, फलको आशा गरेको छैन ।’ ती सम्मानले झन जिम्मेवारीबोध गराएको छ, जहिलेसम्म सक्छु स्वास्थ्यले साथ दिएसम्म बालबालिकाहरुलाई पढाउने, सिकाउने कर्म गरिरहन्छु ।’ उनका लागि यो निःशुल्क शिक्षा दिनु पेसा नभएर जीवनको उद्देश्य आत्मसन्तुष्टिको स्रोत बनेको छ । यही निस्वार्थ भावनाले उनलाई तीन दशक भन्दा बढी समयदेखि यही एउटै ठाउँमा उभ्याइरहेको छ ।

दुःख सुख तीन दशकभन्दा बढी समय यसरी नै बिताएँ म खुसी छु, पढ्न आउने बालबालिका पनि खुसी छन् । यही खुसीले उनलाई हरेक दिन फेरि पिपलको छहारीमुनि उभिन प्रेरित गरिरहेको छ । भण्डारी शैक्षिक र सामाजिक सचेतनाको संवाहकका रुपमा परिचित छन् । उनले पढाएका विद्यार्थीहरू हाल कोही उच्च शिक्षा र रोजगारीको सिलसिलामा अमेरिका पुगेका छन् भने कोही नेपालमै विभिन्न पेसा व्यवसायमा संलग्न छन् । रासस

# गाउँमा निःशुल्क आँखा उपचार सेवा पाएपछि स्थानीवासी खुसी

**खोटाङ ।**
दिक्तेल बजारमा दिनदिने निःशुल्क आँखा शिविर सुरु भएको छ । नेपाल नेत्रज्योति सङ्घ खोटाङ र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आयोजना तथा सरगमाथा चौधरी आँखा अस्पताल लहानको प्राविधिक सहयोगमा आजदेखि तीन दिने निःशुल्क शिविर सुरु भएको हो ।

दिक्तेलस्थित आँखा उपचार केन्द्र दिक्तेलमा सुरु भएको शिविरमा मोतियाविन्दुको शल्यक्रिया, आँखा जाँच, औषधि वितरण, ज्येष्ठ नागरिकलाई चश्मा वितरण, आँखाको शल्यक्रियापछि कालो चश्मा तथा औषधि वितरण गरिने नेत्रज्योति सङ्घ खोटाङका सभापति इन्द्र कसजूले जानकारी दिए । शिविरमा सरगमाथा



चौधरी आँखा अस्पताल लहानका १३ जना चिकित्सकको टोलीले सेवा प्रदान गर्नेछन् ।

शिविरबाट एक हजार १०० जना भन्दाबढी नागरिकलाई सेवा दिने लक्ष्य राखिएको सभापति कसजूले जानकारी दिएका छन् । कोशी प्रदेश सरकारले नगरपालिकालाई उपलब्ध गराएको रु चार लाख आर्थिक सहयोगमा नेपाल नेत्रज्योति सङ्घ खोटाङ र सरगमाथा चौधरी आँखा अस्पताल लहानसँगको सहकार्यमा नगरपालिकाले निःशुल्क आँखा शिविर संयोजन गरेको हो ।

आँखाको समस्या झेलिरहेका नागरिकलाई लक्षित गरी शिविरको आयोजना गरिएको नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिए । शिविरमा शल्यक्रिया हुन नसकेका आँखाका बिरामीलाई सगरमाथा चौधरी आँखा अस्पताल लहानमा लगेर निःशुल्क सेवा उपलब्ध गराइने जनाइएको छ । शिविरको जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राईले शुभारम्भ गरे ।

शिविरमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकासँगै छिमेकी गाउँपालिका रावाबेँसी, साकेला, दिप्रुङ चुइचुम्मा र केपिलासगढी गाउँपालिकाका नागरिक सेवा लिन आएका छन् । सहरका सुविधा सम्पन्न अस्पतालमा पाइने स्वास्थ्य सेवा आफ्नै गाउँमा निःशुल्क पाउँदा स्थानीवासीले खुसी व्यक्त गरेका छन् । रासस

# ‘एचआईभी सङ्क्रमित’लाई पोषण सहयोग नियमित भएन

**टीकापुर ।**
कैलालीको टीकापुरका एचआईभी सङ्क्रमितहरुले पोषण सहयोग नियमित गर्न पालिकासँग माग गरेका छन् । एचआईभी सङ्क्रमितलाई टीकापुर नगरपालिकाले विगत ६ वर्षदेखि पोषण सहयोगबापतप्रति व्यक्ति ६ हजार उपलब्ध गराउँदै आएको छ । सङ्क्रमित व्यक्तिको बैंक खातामार्फत पोषणका लागि रकम भुक्तानी हुने गरेको छ । टीकापुरमा गत वर्ष ११५ जनाले पोषण सहयोग लिएका थिए ।

पोषण सहयोगका लागि गतवर्ष रु सात लाख ५० हजार बजेट थियो । यस वर्ष रु तीन लाखमात्रै बजेट विनियोजन भएकाले नपुग्ने हुँदा पुरानै व्यवस्था अनुसार सहयोग उपलब्ध गराउन सङ्क्रमितको अधिकारका क्षेत्रमा क्रियाशिल नवजीवन एकता समाजका अध्यक्ष जगत भण्डारीले माग गरे । ‘एचआईभी सङ्क्रमित शारीरिक रुपमा कमजोर छन्, उनीहरु अन्यव्यक्ति जसरी काम गर्न सक्दैनन्’, अध्यक्ष भण्डारीले भने, ‘पालिकाले दिने थोरै रकमले पनि उनीहरुलाई एक÷दुई महिना छाक टार्न सहयोग हुन्छ । नियमित रुपमा दिइरहेको यस्तो सहयोग घटाउन हुँदैन ।’

विसं २०६४ मा स्थापना भएको नवजीवन एकता समाजले कैलालीमा एचआईभी सङ्क्रमितको अधिकार, रोग निदान, स्वास्थ्य उपचार र परामर्श जस्ता कार्यमा सघाउँदै आएको छ । समाजका अनुसार टीकापुरमा मात्रै १६५ जना एचआईभी सङ्क्रमित छन् ।

समाजले कैलाली जिल्लाभरिका १८ वर्ष मुनिका ७० जना बालबालिकालाई पोषण र शिक्षाका लागि मासिक रु एक अहजार ५०० उपलब्ध गराउने गरेको छ । ‘उनीहरुको शिक्षा आर्जनका लागि कापी किताब किन्न समस्या नहोस् भनी थोरै सहयोग गर्ने गरेका छौँ’, अध्यक्ष भण्डारीले भने, ‘एकल महिलाका समस्या थुप्रै छन् । कमाउने श्रीमान बितेपछि, आफू पनि सङ्क्रमित हुँदाआर्थिक समस्या झेलिरहेका छन् ।’

सङ्क्रमितको उपचारका लागि कैलालीमा चारवटा स्वास्थ्य संस्थामा एआरटी सेन्टर स्थापना छन् । सेती अस्पताल धनगढी, टीकापुर, अस्पताल, मालाखेती अस्पताल, लम्कीचुहा अस्पतालमा एआरटी सेवा सञ्चालनमा छ । टीकापुर अस्पतालबाट करिब ६०० जनाले एआरटी सेवा लिने गरेका छन् । एक पालिकाको मानिस अझैँ समाजमा सम्मानजनक व्यवहार नभएकाले अर्को पालिक वा टाढाको स्वास्थ्य संस्थाबाट एआरटी तथा उपचार सेवालिइरहेका छन् ।

विगतमा टीकापुर अस्पतालमा उपचार सेवा लिन आउने टाढाका सङ्क्रमित बिरामीलाई नवजीवन एकता समाजमा गाँस, बाँसको व्यवस्थासमेत गरिएको थियो । बर्दगोरियाबाट टीकापुर अस्पतालमा सेवा लिन आएकी एक महिलाले भनिन्, ‘अस्पतालमा रगत परीक्षण लगायतका सेवा लिँदा कहिलेकाहीँ एक÷दुई दिन बस्नुपर्ने हुन्छ, पहिले पहिले यही संस्थामा खान र बस्न पाइन्थ्यो’, उनले भनिन्, ‘अहिले आर्थिक समस्याले राख्न सकिँदैन भन्छन्, अब होटलमा बसेर कसरी उपचार गर्नु ? नजिकका अस्पतालमा उपचार गरे सबैले चिन्छन्, समाजमा सङ्क्रमित भनेपछि दुव्र्यवहार गर्छन् ।’

टीकापुर अस्पतालमा मोहन्याल गाउँपालिका, घोडाघोडी नगरपालिका, बर्दयोरिया गाउँपालिका, लम्कीचुहा, भजनी नगरपालिका, जोशीपुर, जानकीसहित बर्दियाको गेरुवा गाउँपालिकाका बिरामी उपचार सेवा लिनआउने गरेका छन् । टीकापुरले कार्यविधि नै बनाएर विगत केही वर्षदेखि सघाउँदै आएको हो । चालु आर्थिक वर्षमा पालिकामा आर्थिक स्रोत कम भएकाले बजेट घटेको, आगामी वर्ष बजेट व्यवस्था गर्ने नगरपालिकाका कार्यवहाक नगर प्रमुख रामबहादुर नगार्जीले बताए । ‘तपाईहरुको उपचार पहिलो प्राथमिकताहो, त्यसबाहेकका समस्यापनि धेरै छन्’, उनले भने, ‘पालिकाको जिम्मेवारी धेरै, बजेट कमहुँदाकतिपयकाम इच्छा भएर पनिगर्न सकिएको छैन, आगामीवर्ष बजेट सुनिश्चितगर्नेछौँ ।’ रासस



# सेनाबारे बादलको धारणाले एमालेमै असन्तुष्टि

## बोलाइयो सचिवालय

**मधेशदृष्टि**
**वीरगंज।**
नेकपा एमालेका संसदीय दलका नेता तथा कार्यबाहक अध्यक्ष रामबहादुर थापा 'बादल'ले बिहीबार संसदमा दिएको अभिव्यक्तिले एमालेमै असन्तुष्टि चुलिएको छ । एमालेका पदाधिकारीहरू नै विभाजित भएपछि एमालेले आकस्मिक रूपमा सचिवालय बैठक बोलाएको छ।

बिहीबार प्रतिनिधि सभाको बैठकमा थापाले व्यक्त गरेको धारणा पार्टीको स्थापित नीति विपरीत भएको भन्दै शुक्रबार दिउँसो १ बजे सचिवालय बैठक बोलाइएको हो। बैठकको मुख्य एजेण्डा नै थापाको अभिव्यक्तिबारे छलफल रहेको असन्तुष्ट पदाधिकारीहरूको भनाइ छ।

एक दिनअघि मात्रै संसदीय दलको नेता बनेका थापाको जिम्मेवारीप्रति नै पार्टीभित्र असन्तुष्टि थियो । बिहीबार प्रतिनिधि सभाको पहिलो बैठकमै उनले दिएको अभिव्यक्तिले पार्टीभित्र थप विवाद सिर्जना गरेको छ।

थापा समानुपातिकतर्फबाट प्रतिनिधि सभामा पुगेका हुन् । दलको नेता बनेको छोटो समयमै उनको अभिव्यक्तिलाई लिएर



पार्टीभित्र शीर्ष तहमा नै असन्तुष्टि देखिनुलाई एमालेभित्रको आन्तरिक मतभेदको संकेतका रूपमा हेरिएको छ । एमालेभित्र नेतृत्व परिवर्तनको विषय पेचिलो बनिरहेको बेला अध्यक्ष केपी शर्मा ओली पक्राउ परेपछि बादललाई नै कार्यबाहक दिइएको र उनैलाई दलको नेता बनाएको विषय स्थानीय तहसम्म विरोध भइरहेको छ।

एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले सार्वजनिक रूपमा थापाको अभिव्यक्तिप्रति असन्तुष्टि जनाएका छन् । सामाजिक सञ्जालमार्फत धारणा सार्वजनिक गर्दै पौडेलले लेखेका छन्, 'प्रतिनिधि सभाको आजको बैठकमा नेकपा (एमाले)को दल नेताको हैसियतले माननीय रामबहादुर थापाले व्यक्त गर्नुभएको विचार पार्टीका स्थापित नीति र मान्यता विपरीत छन्।'

पौडेलले यस विषयमा पार्टीभित्र गम्भीर छलफल हुने संकेत पनि गरेका छन्। उनले अगाडि लेखेका छन्, 'यस सम्बन्धमा भोली आयोजना गरिएको एमालेको केन्द्रीय सचिवालयको बैठकमा गम्भीरतापूर्वक छलफल हुने र उचित निर्णय हुने अपेक्षा गरेको छु।'

पौडेलको सार्वजनिक टिप्पणीले पार्टीभित्र मतभेद सतहमा आएको देखिएको छ। विशेषगरी संसदीय दलको नेतृत्व परिवर्तनपछि एमालेभित्र शक्ति सन्तुलन र रणनीतिक दिशाबारे बहस सुरु भएको अनुमान गरिएको छ।

अर्का उपाध्यक्ष गोकर्ण विष्टले पनि थापाको भनाइप्रति असन्तुष्टि जनाएका छन्। उनले शुक्रबार बस्ने सचिवालय बैठक यही विषयमा केन्द्रित रहने बताएका छन् । उपमहासचिव योगेश भट्टराईले थापाको अभिव्यक्तिपछि स्पष्टिकरण दिँदै पार्टीको आधिकारिक धारणा सार्वजनिक गरेका छन् । उनले न्यायालय, सुरक्षा निकाय र कर्मचारीतन्त्रप्रति पार्टीको कुनै वैरभाव नरहेको बताएका छन्।

भट्टराईले भनेका छन्, 'नेपाली सेना लगायतका सुरक्षा अंगहरू, न्यायालय लगायतका संवैधानिक अंगहरू र कर्मचारीतन्त्रप्रति हाम्रो पार्टीको कुनै पनि वैरभाव छैन । त्यसप्रति हाम्रो पार्टीको सम्मान र विश्वास रहिरहने छ।

संसद वा सडक, सत्ता पक्ष वा प्रतिपक्ष कुनै पनि भूमिकामा पार्टीको यो धारणा यथावत् रहने छ।' उनले भनेका छन्, 'जनताले प्रकट गरेको जनमतलाई सम्मान गर्नु र पराजयको ठोस समीक्षा गरी कमजोरीलाई सच्याएर पुनः जनविश्वास आर्जन गर्ने बाटोमा जानु नै जबजको मर्म हो।' बिहीबार प्रतिनिधि सभामा बोल्दै दल नेता थापाले चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई जिताउन नेपाली सेनादेखि विभिन्न समूह लागेको दाबी गरेका थिए । थापाको अभिव्यक्तिलाई लिएर पार्टीभित्रै मात्र होइन, बाहिर पनि चर्चा सुरु भएको छ।

थापाको अभिव्यक्तिले एमालेभित्र रणनीतिक दिशा र राजनीतिक सन्देशबारे फरक मत रहेको संकेत दिएको विश्लेषण गरिएको छ । संसदीय दलको नेतृत्व परिवर्तनपछि पार्टीले नयाँ राजनीतिक सन्देश दिन खोजेको अवस्थामा आएको यस्तो विवादले एमालेभित्र समन्वयको चुनौती देखिएको छ र पार्टीभित्र शीर्ष तहका नेताहरूले नै सार्वजनिक रूपमा असहमति जनाउनुलाई एमालेको आन्तरिक बहस खुला रूपमा सतहमा आएको संकेत गरेको छ।

विशेषगरी सुरक्षा निकाय र संवैधानिक संस्थासँग जोडिएको विषयमा सावधानी अपनाउनुपर्ने मत एमालेभित्र देखिएको छ । शुक्रबार बस्ने सचिवालय बैठकले यस विषयमा आधिकारिक धारणा तय गर्ने नेताहरुको भनाइ छ।

# रास्वपाले सभामुखमा डिपी अर्याललाई अघि सार्ने



**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उपसभापति डीपी अर्याललाई सभामुखमा अघि सार्ने निर्णय गरेको छ ।

रास्वपा संसदीय दलको बैठकले अर्याललाई सभामुख बनाउन सभापति रवि लामिछानेको प्रस्तावलाई सर्वसम्मत पारित गरेको प्रवक्ता मनिष झाले जानकारी दिए ।

पार्टीको निर्णय अनुसार अर्यालले शुक्रबार मनोनयन गर्दा गराउँदै छन् । सभामुखको निर्वाचन २२ गतेका लागि तोकिएको छ । रास्वपाको एकल बहुमत भएकाले सभामुखमा अर्को दलको उम्मेदवारी पर्ने सम्भावना छैन ।

अर्याल काठमाडौं–९ बाट निर्वाचित सांसद हुन् । उनले यसअघि श्रम मन्त्रालयको जिम्मेवारी पनि सम्हालिसकेका छन् । सभामुख र उपाध्यक्षको निर्वाचन कार्यतालिका सार्वजनिक

सङ्घीय संसद् सचिवालयले चैत २२ गते आइतबार हुने प्रतिनिधिसभाको सभामुखको निर्वाचनका कार्यतालिका सार्वजनिक गरेको छ ।

कार्यतालिका अनुसार चैत २० गते शुक्रबार बिहान ११ देखि २ बजेसम्म प्रतिनिधिसभाका कुनै सदस्यलाई सभामुख पदमा निर्वाचित गरियोस् भनी नियमावालीको ढाँचामा प्रस्तावको सूचना (मनोनयन) संसद् सचिवालय, सिंहदरबारमा दर्ता गर्ने कार्यक्रम रहेको छ ।

सचिवालयले सार्वजनिक गरेको कार्यतालिकाअनुसार त्यही दिन दिउँसो २:३० बजेदेखि तोकिएको समयमा दर्ता भएका उम्मेदवारीको सूचना दर्ता क्रमअनुसार सूची प्रकाशन गर्ने छ । दर्ता भएका प्रस्तावका सूचनालाई आइतबार हुने प्रतिनिधिसभाको बैठकमा प्रस्तावले प्रस्ताव र समर्थकले समर्थन गर्ने तथा सामूहिक छलफलपश्चात् निर्णयार्थ प्रस्तुत गर्ने कार्यक्रम छ ।

त्यसैगरी, राष्ट्रियसभा उपाध्यक्ष पदको निर्वाचन चैत २३ गते हुने भएको छ । संसद् सचिवालयले सार्वजनिक गरेको कार्यतालिकाअनुसार चैत २२ गते अपराह्न २:३० देखि ३:३० सम्म राष्ट्रियसभाका कुनै सदस्यलाई सभाको उपाध्यक्ष मतमा निर्वाचित गरियोस् भनी प्रस्तावको सूचना दिइने छ । यस्तै चैत २२ गते अपराह्न ४ बजे दर्ता भएका प्रस्तावकको सूचनाको दर्ता सूची प्रकाशन हुने छ भने २३ गते दिउँसो १:१५ बजे बस्ने राष्ट्रियसभाको बैठकले उपाध्यक्ष चयन गर्ने छ ।


# जग्गा हड्पेको आरोप निराधार र प्रायोजित भएको स्काइलाइनको दाबी

**मधेशदृष्टि**
**वीरगंज।**
स्काइलाइन इन्फ्रा लिमिटेड वीरगंजले पत्रकार सम्मेलन गर्दै 'महानगरको भर्याङ बनेको १ अर्ब ४३ करोडको जग्गा हडप्ने खेल' शीर्षकको समाचारमा आपत्ति जनाएको छ । कम्पनीले विज्ञप्ति जारी गर्दै यस्ता समाचारहरु पूर्ण रूपमा झुठो, प्रायोजित र कम्पनीको छवि ध्वस्त पार्ने उद्देश्यसहित लेखिएको बताएको छ।

स्काइलाइनको नाम जोडेर आएको समाचारमा कम्पनीको धारणा नलिइ, उपलब्ध प्रमाण नहेरी प्रकाशित भएको कम्पनीको दाबी छ । स्काइलाइन इन्फ्राले यस्तो एकपक्षीय र तथ्यहीन सामग्री पत्रकार आचारसंहिताको गम्भीर उल्लंघन भएको आरोप पनि लगाएको छ।

कम्पनीले प्रकाशित समाचारमा अर्धन्यायिक निकाय– भूमिसुधार तथा मालपोत कार्यालयमा विचाराधीन विषयलाई प्रभावित पार्ने उद्देश्य देखिएको उल्लेख गरेको छ । साथै, समाचारमा सम्बन्धित नभएका व्यक्तिको नाम जोडिनु कुत्सित मनसायका संकेत भएको स्काइलाइनको भनाइ छ।

स्काइलाइन इन्फ्रा लिमिटेडले कसैको जग्गा हडपेको नभई




कानून अनुसार खरिद–बिक्री प्रक्रिया पूरा गरी मालपोत कार्यालय पर्साबाट रजिष्ट्रेसन गराएको तथा वीरगंज महानगरपालिकाबाट नक्सा पास लिएर भवन निर्माण गरी प्रयोगमा ल्याएको तथ्य सार्वजनिक गरेको छ।

कम्पनीले यो प्रक्रियाका ठोस प्रमाण सम्बन्धित निकायमा पेश गरिसकेको तथा विगतमा केही व्यक्तिले उठाएको विवाद अदालतबाटै निरूपित भइसकेको स्पष्ट पारेको छ।

कम्पनीले यस्ता गतिविधि दोहोरिए कानूनी कारबाहीमा जाने चेतावनी दिएको छ।

# मुलुकभर मनाइयो हनुमान जयन्ती



**राहुल गुप्ता**
**वीरगंज ।**
बिहीबार हनुमान जयन्ती वीरगंजलगायत मुलुकभर नै श्रद्धा, भक्ति र धार्मिक आस्थाका साथ पुजा आराधना गरेर मनाइएको छ ।

वीरगंज महावीर स्थानस्थित हनुमान मन्दिर, रेल्वे रोडस्थित हनुमान मन्दिर, रामजानकी मन्दिर लगायतमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको थियो । हनुमान मन्दिर व्यवस्थापन समितिहरूले जयन्तीको अवसरमा विभिन्न धार्मिक कार्य आयोजना गरेका थिए ।

हिन्दू धर्मावलम्बीहरूले भगवान् रामका परम भक्त, शक्तिका प्रतीक तथा संकटमोचनका रूपमा पुजिने हनुमानको जन्मोत्सव विशेष पूजा–आराधना, भजन–कीर्तन र विभिन्न धार्मिक अनुष्ठान गरी मनाउने गरेका छन् । जनकपुरको रामजानकी मन्दिर, काठमाडौँस्थित हनुमानढोका दरबारसहित देशभरका हनुमान मन्दिर तथा धार्मिक स्थलहरूमा भक्तजनको उल्लेखनीय भीड लागेको थियो ।

नारायणगढमा निशान शोभा यात्रा

यस्तै, मारवाडी सेवा केन्द्र नारायणगढको आयोजनामा हनुमान जयन्तीको अवसरमा कार्यक्रममा केन्द्रका अध्यक्ष पंकज अग्रवालले धार्मिक आस्थाअनुसार मनमा कुनै इच्छा र संकल्प लिएर निशान यात्रा सम्पन्न गर्दा मनोकामना पूरा हुने विश्वास रहेको बताए ।




भव्य निशान शोभा यात्रा भएको छ ।

मारवाडी समाज नारायणगढका सदस्यहरूको उत्साहपूर्ण सहभागितामा गरिएको शोभा यात्रा हरिहर मन्दिरबाट सुरु भई नारायणगढ बजार परिक्रमा गर्दै मारवाडी सेवा केन्द्रको भवनस्थित मन्दिरमा पुगेर समापन गरिएको थियो ।

यसैगरी, केन्द्रका कोषाध्यक्ष राकेश हरलालकाका अनुसार गत वर्षदेखि नारायणगढमा सुरु गरिएको हनुमानजीको निशान यात्रा आगामी वर्षहरूमा अझ भव्य र व्यवस्थित रूपमा आयोजना गरिने योजना रहेको जानकारी दिए । कार्यक्रममा स्थानीय भक्तजनको उल्लेखनीय उपस्थिति थियो ।

# लेखापढी व्यवसायीको पेन डाउन

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको हरिवनस्थित मालपोत र नापी कार्यालयमा 'बिचौलिया' भन्दै अपमान गरिएको तथा कार्यालय प्रवेशमा रोक लगाइएको विरोधमा लेखापढी व्यवसायीहरूले बिहीबारदेखि सम्पूर्ण कामकाज ठप्प पारेका छन्।

लेखापढी व्यवसायी संघ हरिवनका अध्यक्ष प्रकाश घिमिरेका अनुसार सरकारी परिपत्रको नाममा लेखापढी व्यवसायीलाई कार्यालयभित्र प्रवेश गर्न नदिएपछि उनीहरू आन्दोलनमा उत्रिएका हुन्।

उनले भने, 'हामीले नियमअनुसार प्यानमा दर्ता भएर नेपाल सरकारलाई राजश्व तिरेर व्यवसाय सञ्चालन गरेका छौं। ५५ हजार रुपैयाँ धरौटी राखेका छौं । सबै कानूनी प्रक्रिया पूरा गरेका व्यवसायीलाई कसरी बिचौलिया भनिन्छ?'

मालपोत र नापी कार्यालय अगाडि बसेर सेवा दिँदै आएका लेखापढी व्यवसायीलाई बिहिबारदेखि कार्यालयभित्र प्रवेश गर्न रोक लगाएपछि आन्दोलन सुरु गरिएको लेखापढी व्यवसायी प्रवीण दाहालले बताए।

उनका अनुसार विरोधस्वरूप सबै व्यवसायीले सटर बन्द गर्दै 'पेन डाउन' गरेका छन्। 'हामी सबैले सटर झारेका छौं। यहाँका सबै सेवा ठप्प छन् । सरकारले अनुमति दिएर सञ्चालन गरिरहेको पेशालाई बिचौलिया भन्दै अपमान गर्नु स्वीकार्य छैन,' उनले भने।

अर्का व्यवसायी कृष्ण भण्डारीले लेखापढी व्यवसायीको माग सम्बोधन नभए आन्दोलन थप कडा बनाउने चेतावनी दिएका छन् । 'सरकारको परिपत्र भन्दै आजैदेखि नापी र मालपोत कार्यालयमा प्रवेश रोकिएको छ । यो हाम्रो मात्र होइन, सेवाग्राहीमाथि पनि अन्याय हो,' उनले भने।

लेखापढी व्यवसायीहरूले सेवा ठप्प पारेपछि मालपोत र नापी कार्यालयबाट हुने दैनिक सेवा प्रभावित भएको छ । जग्गा किनबेच, नामसारी, नापजाँच लगायतका कामका लागि आएका सेवाग्राहीहरू मर्कामा परेका छन्।

व्यवसायीहरूले आफूहरूलाई 'बिचौलिया' भन्ने आरोप फिर्ता लिन, सम्मानजनक व्यवहार गर्न तथा कार्यालय प्रवेशमा लगाइएको रोक हटाउन माग गरेका छन्।

# 'फाजिल'मा परेका ल्याब टेक्निसियन पदस्थापना कुर्दै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कर्मचारी समायोजनको अन्योलले स्वास्थ्य क्षेत्रका प्राविधिक कर्मचारीहरू गम्भीर तनावमा परेका छन् । संघीय संरचना कार्यान्वयनसँगै सुरु गरिएको कर्मचारी समायोजन प्रक्रिया अझै व्यवस्थित हुन नसक्दा नेपाल स्वास्थ्य सेवाअन्तर्गत करिब १७ जना ल्याब टेक्निसियन आफ्नो स्पष्ट पदस्थापनाको खोजीमा संघदेखि प्रदेशसम्म धाइरहेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पछिल्लो पत्राचारले समस्या समाधान गर्नुको सट्टा झन् अन्योल थपेको कर्मचारीहरूको गुनासो छ । मन्त्रालयको कर्मचारी प्रशासन शाखाले गत पुस ३० मा जारी गरेको पत्रअनुसार मेडिकल ल्याब टेक्नोलोजी समूह, सहायक पाँचौँ तहका कर्मचारी राजकुमार रायले आफ्नो समायोजन स्थिति स्पष्टपारिदिननिवेदनदिएकाथिए।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग विवरण माग गर्दा उनले 'फाजिल' (दरबन्दीभन्दा बढी) सूचीमा परेको देखियो । तर कर्मचारी समायोजन ऐन, २०७५ को दफा १९(१) अनुसार उनको दरबन्दी कायम रहेको मन्त्रालयले स्पष्ट पारेको छ । कानूनी रूपमा दरबन्दी सुरक्षित भए पनि व्यवहारमा पदस्थापना नहुँदा कर्मचारीहरू 'हावामा झुन्डिएको' अवस्थाको सामना गरिरहेका छन् ।

राजकुमार राय एक प्रतिनिधि पात्र मात्र हुन् । यस्तै समस्यामा परेका करिब १७ जना ल्याब टेक्निसियन विशेषगरी मधेश प्रदेशमा पदस्थापनाको खोजीमा भौँतारिरहेका छन् । उनीहरू संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा समायोजनका लागि पठाइए पनि प्रक्रियागत त्रुटिका कारण 'फाजिल' सूचीमा परेका छन् ।

कर्मचारीहरूले बारम्बार संघीय सरकारदेखि प्रदेश सरकारसम्म पहल गरेका छन् । तर उनीहरूको आरोप अनुसार संघ सरकारले 'प्रदेशको विषय' भन्दै जिम्मेवारी पन्छाउने गरेको छ भने प्रदेश सरकारले 'संघीय निर्णय कुर्नुपर्ने' भन्दै अग्रसरता देखाएको छैन । यसले समस्या झन् जटिल बनाएको छ ।

पदस्थापना नहुँदा ती कर्मचारीहरू कामविहीन अवस्थामा बस्न बाध्य छन् । केहीले तलब पाइरहे पनि स्पष्ट जिम्मेवारी छैन भने केहीको तलब अनियमित रहेको गुनासो छ । एक पीडित कर्मचारी भन्छन्, 'हामी सरकारी कर्मचारी हौं कि होइनौं भन्ने नै अन्योल भएको छ । कार्यालय छैन, जिम्मेवारी छैन—यस्तो अवस्थामा काम गर्ने मनोबल कसरी रहन्छ ?' उनीहरूले सरकारसँग मुख्य प्रश्न सोधेका छन् 'हामी आखिर कुन तहका कर्मचारी हौं ?'

कर्मचारी समायोजन ऐन, २०७५ ले 'फाजिल' कर्मचारीहरूको व्यवस्थापनबारे स्पष्ट प्रावधान गरेको छ । तर कार्यान्वयन तहमा समन्वय अभाव, प्रशासनिक ढिलासुस्ती तथा सम्भावित राजनीतिक हस्तक्षेपका कारण समस्या समाधान हुन सकेको छैन ।

ल्याब टेक्निसियनजस्ता प्राविधिक जनशक्ति निष्क्रिय हुँदा स्वास्थ्य सेवामा प्रत्यक्ष असर परेको देखिन्छ । एकातिर अस्पतालहरूमा प्राविधिक जनशक्ति अभाव छ भने अर्कोतिर दक्ष कर्मचारी कामविहीन अवस्थामा छन् । यसले स्वास्थ्य सेवा प्रणालीको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ ।

पीडित कर्मचारीहरूले तत्काल पदस्थापना, स्पष्ट कार्यादेश र स्थायी कार्यस्थल निर्धारण गर्न सरकारसँग माग गरेका छन् । संघीयताको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी व्यवस्थापन स्पष्ट, व्यवस्थित र उत्तरदायी हुनुपर्नेमा उनीहरूले जोड दिएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन